का.जि.प्र.का.द.नं. १००/०५९/६०
२० फागुन २०८१,
मंगलबार
4 March, 2025
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २३, अंक ३० । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# विद्याले खोजिन् पुन: कम्युनिस्ट एकता

**पुन: कम्युनिस्ट एकताका लागि आवश्यक परे आफैं सक्रिय हुने एमालेकी पूर्वउपाध्यक्षसमेत रहेकी पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको तयारी छ । आफ्नो राजनीतिक भूमिका कुनै पद प्राप्तिका लागि नरहने पनि उनको भनाइ छ**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ फागुन ।

राष्ट्रपतिबाट बिदा भएपछि राजनीतिमा नदेखिने धेरैको आँकलन चिर्दै छन् पूर्वराष्ट्रपति विद्या भण्डारी । नेकपा एमालेबाट राजनीति गर्दा गर्दै राष्ट्रपतिको जिम्मेवारीमा पुगेको बताउने उनी पुन: राजनीतिमा सक्रिय हुनुलाई अन्यथा लिन नहुने आग्रह गर्छिन् ।

आफ्नो सक्रियता कुनै पद प्राप्तिका लागि नभएर नेपालको कम्युनिस्ट एकताका लागि हुने उनको दलिल छ । यस्तो दलिलको आधार उनले सार्वजनिक कार्यक्रमहरूमार्फत दिने प्रयास गरिरहेकी छन् ।

सोमबार काठमाडौंमा आयोजित 'केपी शर्मा ओली : सपना, संघर्ष र संकल्प' नामक पुस्तक लोकार्पण समारोहलाई सम्बोधन गर्दै एमालेकी पूर्वउपाध्यक्षसमेत रहेकी पूर्वराष्ट्रपति भण्डारीले पुन: कम्युनिस्ट एकताको चाहना रहेको सुनाइन् ।

पुन: कम्युनिस्ट एकताका लागि प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओलीको योगदान आवश्यक रहेको उनले औंल्याइन् । ओलीले एमालेको आन्तरिक जीवनलाई लोकतान्त्रीकरण गर्न, कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध बनाउन तथा उत्पन्न हुने गुट र फुटलाई परास्त गरेर पार्टीलाई सुदृढ बनाउन निर्वाह गरेको भूमिका ऐतिहासिक रहेको भन्दै सराहना गरिन् ।

भविष्यमा समेत ओलीबाट रचनात्मक पहलकदमी र अग्रसरता कायम राख्दै नेपाली कम्युनिस्ट आन्दोलनलाई थप एकताबद्ध बनाएर सफलताको अर्को सिँढी उकाल्न ओलीबाट योगदान पुग्ने विश्वास व्यक्त गरिन् । अर्थात्, ओलीको पहलकदमीबाट पुन: कम्युनिस्ट एकता होस् भन्ने पूर्वराष्ट्रपति भण्डारीको चाहना छ ।

ओलीसमेतको पहलमा २०७४ सालमा ठूला २ कम्युनिस्ट पार्टीले वाम गठबन्धन बनाएर चुनाव लडेका थिए । त्यसबेला करिब ६८ प्रतिशत मत वाम एकताको पक्षमा खसेको थियो । जनादेशअनुसार करिब दुई तिहाइ बहुमतको कम्युनिस्ट सरकार पनि बन्यो ।

त्यसबेला भण्डारी कम्युनिस्ट पार्टीहरूकै तर्फबाट राष्ट्रपतिमा दोहोरिएकी थिइन् । तर, भण्डारी राष्ट्रपतिबाट बिदा नहुँदै कम्युनिस्ट आन्दोलन विभाजित भयो । दुई तिहाइ बहुमतको तत्कालीन नेकपाले सरकार पूर्ण कार्यकाल चलाउन सकेन ।

३ जेठ २०७५ मा एमाले र नेकपा (माओवादी केन्द्र) एकीकृत भएर नेकपा बनेको थियो । तर, त्यो लामो समय टिकेन । २३ फागुन २०७७ को सर्वोच्च अदालतले नै नेकपा एकता भंग गरिदियो र एमाले »» पृष्ठ २ मा

# भाषणमा बिते मन्त्रीहरूका ८ महिना

## सहमतिका मुख्य बुँदा

- राष्ट्रको विकास निर्माण अभियानलाई तीव्रता दिन राष्ट्रिय सहमतिको स्थिर सरकार निर्माण गर्ने ।
- आमजनताका चाहनाबमोजिम राष्ट्रिय हितको रक्षा गर्ने, भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्ने ।
- संविधानमा आवश्यक संशोधन र तदअनुकूलको कानुन निर्माणलाई प्राथमिकता दिने ।
- आन्तरिक र बाह्य लगानीलाई प्रोत्साहन गरी मुलुकभित्र पर्याप्त र मर्यादित रोजगारी सिर्जना गर्ने ।
- जनभावनाअनुरूप प्रदेश तथा स्थानीय तहमा हुने विकास निर्माणको कामलाई तीब्रता दिने ।



"मन्त्रीहरूले सुझावकर्ता जस्तो यसो गर्नुपर्छ र उसो गर्नुपर्छ भनेर सुझाव दिँदै हिँडेका देखिन्छ । मन्त्रीले सुझाव दिने होइन, काम गर्ने कार्यकारी पदमा छु भनेर हेक्का राख्नुपर्छ

**डा. गोविन्दराज पोखरेल**
**पूर्वउपाध्यक्ष**
**राष्ट्रिय योजना आयोग**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १९ फागुन ।

मुलुकको कार्यकारी जिम्मेवारी लिएका प्रधानमन्त्रीसहित अधिकांश मन्त्रीहरूको करिब ८ महिनाको समय औपचारिक उद्घाटन, भाषण र कार्यान्वयन नहुने प्रतिबद्धतामा सकिएको छ । नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने विकास योजना, सेवा प्रवाह र सुशासनका सवालमा काम गर्न नसकेका मन्त्रीहरूले औपचारिक उद्घाटन, समापन र आश्वासनयुक्त भाषणमै ८ महिना गुजारेका हुन् ।

प्रधानमन्त्री केपी शर्मा ओली र उनको मन्त्रिपरिषद्का अधिकांश मन्त्रीहरू भाषणमा केवल सुझाव र इतिहासका कथाहरू सुनाउँदै हिँडेका छन् । आफ्नो दलको स्तुतिगान, इतिहासमा भए/गरेका घटना, सुझावयुक्त अभिव्यक्ति, कार्यान्वयन नहुने आश्वासनका पोकाबाहेक मन्त्रीहरूबाट करिब ८ महिनामा उल्लेख्य काम नदेखिएको विज्ञहरूले टिप्पणी गरेका छन् ।

१७ असार २०८१ को मध्यरातमा भएको कांग्रेस-एमाले सत्ता सहकार्यको फ्रेमवर्क एकातिर राखेर अघि बढेको यो सरकारमाथि आरोप लाग्ने गरेको छ । ३० असारमा गठन भएको नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारका सबै मन्त्रीहरूले एकै दिन शपथ लिएर 'फुल गियरमा' सरकार हाक्ने प्रतिबद्धता जनाएका थिए ।

संसद्का २ ठूला दल कांग्रेस एमालेबीच ७ बुँदे सहमतिमा आमजनताको पक्षमा काम गर्ने भनिएको थियो । उक्त सहमतिमा उल्लेख छ, 'आमजनताका चाहनाबमोजिम राष्ट्रिय हितको रक्षा गर्ने, भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्ने, राष्ट्रको विकास निर्माण अभियानलाई »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# 'मलेसिया कामदार पठाउन कुनै व्यवसायीलाई लाभ पुग्नेगरी निर्णय भएको छैन'

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ फागुन ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मलेसिया कामदार पठाउन कुनै निश्चित व्यवसायीलाई लाभ पुग्नेगरी हाल कुनै पनि निर्णय नभएको र भविष्यमा पनि नहुने बताएको छ । मन्त्रालयले सोमबार विज्ञप्ति जारी गर्दै उक्त जानकारी दिएको हो ।

हाल मलेसियामा कामदार पठाउन २५ वटा मात्र म्यानपावर कम्पनीको समूह 'सिन्डिकेट'लाई अनुमति दिन चलखेल भइरहेको भन्दै त्यसविरुद्ध नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र राजनीतिक दल निकट व्यवसायीका संघसंस्थाले कडा प्रतिकार गर्ने चेतावनी दिँदै आएका छन् ।

आइतबार राजधानीमा आयोजित नेपाल वैदेशिक रोजगार व्यवसायी महिला संघको साधारणसभामा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले म्यानपावर कम्पनीहरूको समूहलाई मात्र अनुमति दिन चलखेल भइरहेको समाचारलाई आधारहीन बताएका थिए ।

सोमबार विज्ञप्तिमार्फत मन्त्रालयले नेपाल सरकारले विगत लामो समयदेखि खुल्ला, पारदर्शी र भेदभावरहित भर्ना प्रक्रिया अवलम्बन गरेको भन्दै मलेसियामा कामदार पठाउन कुनै निश्चित व्यवसायीलाई लाभ हुनेगरी कुनै निर्णय नगरेकाले आधारहीन विषयको पछि नलाग्न अनुरोध गरेको छ ।

## अनलाइन ठगी केन्द्रहरूबाट थप ८ जना नेपालीको उद्धार

**काठमाडौं/मस–** म्यान्मारका अवैध अनलाइन ठगी केन्द्रहरूबाट थप ८ जना नेपालीको उद्धार गरिएको छ । अवैधानिक अनलाइन ठगी केन्द्रहरूमा छापा मार्ने क्रममा पछिल्लो पटक गरिएको उद्धारमा ८ नेपाली फेला परेका हुन् ।

अपरेसनमा विदेशी नागरिक फेला परेपछि म्यान्मारको विदेश मन्त्रालयले आफ्नो देशमा रहेका नेपालसहित विभिन्न देशका राजदूतहरूलाई आमन्त्रण गरी उद्धार गरेको राजदूत हरिश्चन्द्र घिमिरेले बताएका छन् । उद्धार गरिएका कतिपयसँग स्वदेश फर्किन हवाईजहाजको भाडा र राहदानीसमेत नभएको पाइएको छ ।

परराष्ट्र मन्त्रालयले वैदेशिक रोजगारीमा जाने प्रयोजनका लागि भिजिट भिसामा म्यान्मार, थाइल्यान्ड, कम्बोडिया, लाओसलगायतका मुलुक नजान अनुरोध गरे पनि आकर्षक तलबको प्रलोभनमा भिजिट भिसा प्रयोग गरी ठूलो संख्यामा नेपाली पुगेको अनुमान गर्नुका साथै रोजगारीको प्रस्ताव स्वीकार गर्नुअघि विदेशस्थित सम्बन्धित नेपाली नियोगमार्फत विदेशी फर्म/कम्पनी/रोजगारदाताका बारेमा पर्याप्त जानकारी लिन तथा व्यक्तिगत रूपमा ती फर्म/कम्पनी/रोजगारदाताको वेबसाइट जाँच गर्न आग्रह गरिएको छ ।

मानव बेचबिखन एवं अन्य आपराधिक गतिविधिमा संलग्न गिरोहले नेपाली नागरिकलाई कम्बोडिया, लाओस र म्यान्मारमा लगेर जबरजस्ती »» पृष्ठ २ मा

## महिला अधिकारको सम्मान गरौं

- महिलालाई समाज र देशको मुलधारमा ल्याउन पहल गरौं,
- महिलाको प्राकृतिक पहिचानको सम्मान गरौं,
- महिला सशक्तिकरणमा ध्यान दिऔं,
- लैंगिक समानता कायम गर्न महिलालाई विशेष अवसर प्रदान गरौं,
- सम्पत्तिको स्वामित्वमा महिलाको सहभागिता बढाऔं,
- संविधान र कानुनले दिएका महिला अधिकारको सम्मान गरी कार्यान्वन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## माओवादी सुदूरपश्चिमको विवाद उत्कर्षमा

# अध्यक्ष प्रचण्डको निर्देशन पटक–पटक अवज्ञा

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १९ फागुन ।

नेकपा (माओवादी केन्द्र)को सुदूरपश्चिम प्रदेशमा पार्टीभित्रको विवाद उत्कर्षमा पुगेको छ । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले संसदीय दलभित्र देखिएको विवाद मिलाउन प्रदेश पार्टी नेतृत्वलाई निर्देशन दिए पनि विवाद अझै साम्य हुन सकेको छैन ।

सुदूरपश्चिम प्रदेशसभामा पार्टी तेस्रो ठूलो दल छ । तर, प्रमुख प्रतिपक्षी दलको भएकाले प्रदेशसभा र सरकारलाई निगरानी गर्ने सवालमा खरो उत्रिनुपर्ने हो पार्टी तर आफैं १ वर्षयता आन्तरिक किचलोमा फसिरहेको छ ।

२ वटा समूहमा विभाजित माओवादी केन्द्रको संसदीय दललाई एक ढिक्का बनाउन पार्टी अध्यक्ष दाहालले पटक-पटक लिखित र मौखिक निर्देशन जारी गर्दा पनि कार्यान्वयन हुन सकेको छैन । विवाद उल्टै झन्झन् गहिरिँदै गएको छ । »» पृष्ठ २ मा



"सुदूरपश्चिम प्रदेशको दलभित्रको विवाद नमिलेसम्म काम गर्दैनौं

**गिरिराजमणि पोखरेल**
**प्रदेश इन्चार्ज तथा उपमहासचिव**

### विवादको कारण

माओवादीको सुदूरपश्चिम प्रदेशमा सहइन्चार्जमा नेत्र बिना मगर र खगराज भट्ट छन् । भट्ट संसदीय दलको नेता भए पनि उनलाई हटाएर उपमहासचिव वर्षमान पुन »» पृष्ठ २ मा

### कोको छन् दाबेदार ?

प्रदेशको इन्चार्जका लागि बिना मगर र पूर्वमुख्यमन्त्री त्रिलोचन भट्ट लबिङमा छन् । संसदीय दलको नेता बन्न खोजेका भट्ट भने महासचिव शर्माको समूह हुँदै अहिले वरिष्ठ »» पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT
A leading foreign recruitment agency is seeking the following position urgently.
Public Relations officer - 5 Male/Female
Minumum 2/3 Years experience in related field.
Salary : Negotiable
Strikeforce Asia Recruitment private limited
Tokha 07, Basundhara , Kathmandu,
Contact number: +977 970-9459392, +977-9869416889
Gov. Lic No. 1675/080/081

VACANCY ANNOUNCEMENT
एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
WE'RE HIRING
MANAGER - 2 (Male)
PRO - 2 (Male/Female)
तलब आपसी समझदारीमा तय गरिनेछ ।
- म्यानेजरको हकमा म्यानपावर क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भई अंग्रेजी राम्रो सँग बोल्न लेख्न र पढ्न सक्ने हुनुपर्नेछ ।
- कम्प्युटर राम्रो सँग चलाउन जानेको हुनुपर्नेछ ।
इच्छुक व्यक्तिले आफ्नो बायोडाटा eminencerecruitmentintl@gmail.com मा इमेल गर्नुहोला ।
EMINENCE RECRUITMENT INTERNATIONAL PVT. LTD.
Bhimsengola-31, Prayagmarg, Kathmandu
Phone : 9851164164, 9849964370
Govt. Lic. No.: 1569/079/080

बजेट तर्जुमा मार्गदर्शन

# ‘स्रोतमा चाप छ, पूर्वतयारी नभएका र प्रतिफल नदिने योजनाका लागि बजेट नमाग्नू’

**काठमाडौं/मस–** अर्थ मन्त्रालयले सबै विषयगत मन्त्रालयलाई आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट तर्जुमासम्बन्धी मार्गदर्शन पठाएको छ ।

बजेटको स्रोत व्यवस्थापन अत्यन्त चुनौतीपूर्ण र दबाबमा रहेको उल्लेख गर्दै मन्त्रालयले सार्वजनिक खर्चको प्रभावकारिता बढाउने गरी आयोजना तथा कार्यक्रम प्रस्ताव गर्न भनेको छ ।

सबै विषयगत निकायलाई मितव्ययी खर्च, प्राथमिकताका आयोजना छनोट, दोहोरोपन हटाउने र कार्यान्वयन योग्य योजना मात्र समावेश गर्न मन्त्रालयले आग्रह गरेको छ । मार्गदर्शनअनुसार नयाँ योजना प्रस्ताव गर्दा पर्याप्त तयारी र लागत-लाभ विश्लेषण आवश्यक पर्नेछ भने हाल सञ्चालनमा रहेका योजना सम्पन्न गर्न पर्याप्त बजेट सुनिश्चित गर्नुपर्नेछ । राष्ट्रिय गौरवका आयोजना तथा अन्य उच्च प्राथमिकताका परियोजनालाई प्राथमिकता दिइने र स्रोतको उपलब्धिमूलक उपयोग सुनिश्चित गर्न स-साना आयोजनामा स्रोत छर्ने प्रवृत्ति निरुत्साहित गरिने मन्त्रालयले जनाएको छ ।

बजेटको स्रोत व्यवस्थापनमा परेको दबावलाई मध्येनजर गर्दै सार्वजनिक खर्चको प्रभावकारिता बढाउने र आर्थिक गतिविधि विस्तार गर्नेगरी आगामी आर्थिक वर्षको बजेटमा पर्ने आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्न मन्त्रालयले परिपत्र गरेको छ ।

‘आगामी आर्थिक वर्षको बजेट तर्जुमालाई यथार्थपरक, कार्यान्वयनयोग्य




र नतिजामुखी बनाउन खर्चको दक्षता अभिवृद्धि हुने गरी क्रियाकलाप निर्धारण गरी आफ्नो मन्त्रालय वा अन्तर्गतका आयोजना तथा कार्यक्रम आगामी चैत १५ गतेभित्र मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआईएस)मा प्रविष्ट गरिसक्ने व्यवस्था मिलाउन अनुरोध छ’, पत्रमार्फत् भनिएको छ ।

राष्ट्रिय स्रोत अनुमान समितिले आगामी आर्थिक वर्षका लागि रु १९ खर्ब ६५ को सीमाभित्र बजेट ल्याउन सक्नेगरी सरकारलाई सिलिङ उपलब्ध गराएको छ । सोही सीमाभित्र रहेर वार्षिक कार्यक्रम तथा बजेट प्रस्ताव गर्नुपर्ने अर्थ मन्त्रालयले जनाएको छ ।

यस्तै, योजना तथा कार्यक्रम कार्यान्वयनका क्रममा रकमान्तर र कार्यक्रम संशोधन गर्न नपर्ने गरी यथार्थपरक बजेट प्रस्ताव गर्नुपर्ने पनि बजेट तर्जुमा मार्गदर्शनमा उल्लेख छ ।

‘विनियोजन दक्षता कायम गर्न आयोजनाको उद्देश्यसँग प्रत्यक्ष सम्बन्धित क्रियाकलापमा मात्र बजेट प्रस्ताव गर्नुपर्नेछ । आयोजना तथा कार्यक्रममा दीर्घकालीन दायित्व सिर्जना गर्ने प्रकृतिका क्रियाकलाप समावेश गर्नु हुनेछैन’, विषयगत मन्त्रालयलाई आग्रह गर्दै अर्थले भनेको छ, ‘चालु खर्चमा मितव्ययिता कायम गर्ने गरी अत्यावश्यक बजेट मात्र प्रस्ताव गर्ने र अनिवार्य दायित्वका खर्च शीर्षकमा पछि थप निकासा माग गर्न नपर्ने गरी पर्याप्त बजेट प्रस्ताव गर्नुपर्नेछ ।’

एकै प्रकृतिका क्रियाकलाप विभिन्न उपशीर्षक तथा कार्यक्रममा समावेश भएकामा आगामी आर्थिक वर्षदेखि त्यस्ता क्रियाकलापलाई एकीकृत गरी व्यवस्थित गरिनुपर्ने पनि बजेट तर्जुमा मार्गदर्शनमा उल्लेख छ ।

यस्तै, नयाँ आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा पूर्वतयारी पूरा भएका तथा लागत लाभ विशेषणबाट कार्यान्वयनयोग्य देखिएका गुणस्तरीय आयोजना मात्र समावेश गर्न भनिएको छ । हाल कार्यान्वयनमा रहेका आयोजना आगामी आर्थिक वर्षमा सम्पन्न हुने भएमा सोको लागि पर्याप्त बजेट विनियोजन गरिसकेपछि मात्र नयाँ कार्यक्रम तथा आयोजनाका लागि बजेट प्रस्ताव गर्नुपर्ने मार्गदर्शनमा जनाइएको छ ।

‘सीमित स्रोतको उपलब्धिमूलक उपयोग गर्न स-साना आयोजनामा स्रोत छर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्नेछ । क्रमागत आयोजनाको संख्या घटाउने, कार्यान्वयन हुन नसक्ने तथा कम प्राथमिकताका आयोजना स्थगन गरी कार्यान्वयनयोग्य आयोजना मात्र प्रस्ताव गर्ने व्यवस्था मिलाउनु पर्नेछ’, बजेट तर्जुमा मार्गदर्शनमा भनिएको छ,‘आयोजना प्रस्ताव गर्दा राष्ट्रिय योजना आयोगको आयोजना बैंकमा प्रविष्ट भएका आयोजना मात्र समावेश गर्नुपर्नेछ । यस्तै, अध्ययन पूरा नभएका नयाँ आयोजना कार्यान्वयनका लागि बजेट विनियोजन नहुने हुँदा त्यस्तो आयोजनाको अध्ययन तथा तयारी कार्यका लागि मात्र बजेट प्रस्ताव गर्नू ।’

बजेट तर्जुमा मार्गदर्शनअनुसार स्रोतको सुनिश्चितता नगरी नयाँ आयोजना तथा कार्यक्रम प्रस्ताव गर्न पाइने छैन । यस्तै, आयोजना प्रस्ताव गर्दा अन्तरतह तथा अन्तरमन्त्रालयमा दोहोरोपना नपर्ने सुनिश्चित गर्नुपर्नेछ । विपद्पछिको पुनःनिर्माण कार्यलाई प्राथमिकता दिई बजेट प्रस्ताव गरिनुपर्ने जनाइएको छ ।

## विद्याले...

र माओवादी केन्द्र ब्युँत्याइदियो । त्यसपछि २०७८ भदौ पहिलो साता एमाले पनि विभाजित भयो र माधवकुमार नेपालको नेतृत्वमा नेकपा (एकीकृत समाजवादी) बन्यो । नेकपा एकीकरण नटिकेर ३ वटा बने । २०७९ सालको चुनावसम्म आइपुग्दा विभिन्न टुक्रामा विभाजित कम्युनिस्टको पक्षमा जम्मा ४८ प्रतिशत मत खस्यो ।

तथापि, विगतबाट पाठ सिक्नुपर्ने र नेपालका कम्युनिस्ट पार्टीहरू पटक-पटक विभाजन हुनुको कारण खोज्नुपर्ने बताउँछिन् पूर्वराष्ट्रपति भण्डारी ।

नेपाली कम्युनिस्ट आन्दोलनमा पटक-पटक देखिने गरेको फुट र विभाजन र साँच्चै सिद्धान्त, विचार र राजनीतिक कारणले भएको हो कि पदीय आकांक्षा, अवसरवाद र भड्काव हाबी हुँदा भएको हो भन्नेजस्ता विषयमा समीक्षा गरेर ठोस निष्कर्ष निकालेर अगाडि बढ्नुपर्नेमा उनको जोड छ । भविष्यमा थप सफलता हासिल गर्न पनि विगतको समीक्षा आवश्यक रहेको उनको तर्क छ ।

पुनः कम्युनिस्ट एकताका लागि आवश्यक परे आफैं सक्रिय हुने एमालेकी पूर्वउपाध्यक्षसमेत रहेकी पूर्वराष्ट्रपति भण्डारीको तयारी छ । आफ्नो राजनीतिक भूमिका कुनै पद प्राप्तिका लागि नरहने पनि उनको दलिल छ ।

## अध्यक्ष...

‘तराई मधेश जागरण अभियान’मा व्यस्त रहेका अध्यक्ष दाहाल सुदुरपश्चिममा पार्टीभित्र देखिएको विवाद समाधान गर्न आफैं सक्रिय छन् तर सकिरहेका छैनन् ।

अभियानका क्रममा मोरङमा रहेका अध्यक्ष दाहाल बुधबार सुदूरपश्चिमका प्रदेश सांसदहरूसँग छलफल गर्न काठमाडौं आएर सोही दिन फर्किए तर पनि विवाद यथावतै छ ।

दाहालसँग छलफल गर्न १० जना प्रदेश सांसदहरू नै काठमाडौं आएका थिए । उनीहरू प्रदेशमा स्थानीय नेतृत्वलाई प्रदेशको जिम्मा दिनुपर्ने माग गरेका थिए ।

प्रदेश इन्चार्ज तथा उपमहासचिव गिरिराजमणि पोखरेलले सुदूरपश्चिम प्रदेशको दलभित्रको विवाद नमिलाएसम्म आफूले काम नगर्ने अडान लिएपछि मूल नेतृत्वले नै विवाद समाधानका लागि पहल गरेको हो ।

## विवादको...

निकट नेता मानबहादुर धामी १२ माघ २०८० मा संसदीय दलको नेता भए । त्यतिबेला पार्टी पनि सरकारमा थियो । सभामुखबाहेक १० जना सांसद रहेको माओवादी केन्द्रका ६ जना सांसदले बहुमतका आधारमा भट्टलाई हटाउने निर्णय गर्दै अर्का नेता धामीलाई दलको नेता बनाएपछि माओवादी संसदीय दल २ चिरामा बाँडिएको थियो ।

माओवादीमा सुदूरपश्चिम संसदीय दलमा ११ जना सांसद छन्, जसमा धामीको पक्षमा बहुमत सांसद छन् ।

उपमहासचिव पुन निकट समूहले भने पार्टीको नेतृत्व आफ्नो पक्षलाई दिनुपर्ने आवाज उठाउँदै आएका छन् । अध्यक्ष दाहालले संसदीय दलको नेतामा भट्टलाई बनाउन मौखिक र लिखित निर्देशन दिए पनि धामी पक्षले त्यसलाई कार्यान्वयन गरेको छैन । विवादको जरो यहीँबाट सुरु भएको प्रदेश नेताहरू बताउँछन् ।

सुदूरपश्चिममा उपमहासचिव जनार्दन शर्मा समूहसमेत बलियो अवस्थामा छ । तर, संसदीय दलमा भने उनको उपस्थिति कमजोर छ । धामी पक्षका एक नेताले दलका नेता परिवर्तन गर्ने हो भने प्रदेशको इन्चार्ज आफ्नो समूहलाई दिनुपर्ने बताउँछन् ।

सुदूरपश्चिममा नेता भट्ट र कन्चनपुरबाट प्रतिनिधित्व गर्ने सांसद ओमविक्रम भाटबीच पनि विवाद उत्कर्षमा छ । भाटकै योजनामा भट्टलाई दल नेताबाट हटाइएको बताइन्छ । भाटलाई नेता भट्टले केन्द्रको निर्देशन हुँदाहँदै मन्त्री सिफारिस नगरेपछि उनले दल नेता परिवर्तन गर्न भूमिका निर्वाह गरेको हुन सक्ने चर्चा पनि माओवादीभित्र छ ।

## कोको...

उपाध्यक्ष नारायणकाजी श्रेष्ठसँग निकट छन् । बहुमत सांसदहरूले त्यसअघि नै अध्यक्ष दाहाल समक्ष आफूहरूले संसदीय दलको नेता फेरबदल गर्ने संकेत गरिसकेका थिए । जबाफमा दाहालले आफूले बहुमतको कदर गर्ने भन्दै मौन स्वीकृति जनाएपछि उनीहरूलाई थप बल मिलेको थियो ।

सुदूरपश्चिममा किचलो बढ्दै गएपछि अध्यक्ष दाहालले ४ असारमा सबै सांसदहरूलाई काठमाडौं बोलाएर भट्टलाई संसदीय दलका नेतामा पुनर्स्थापना गर्न निर्देशन दिएका थिए । तर, उक्त निर्देशन कार्यान्वयनको अत्तोपत्तो भएन ।

यस्तै, १२ असारमा पनि अध्यक्ष दाहाल र महासचिव देव गुरुङको संयुक्त हस्ताक्षरमा प्रदेश इन्चार्ज र अध्यक्षका नाममा भट्टलाई दलको नेता बनाउन लिखित निर्देशन जारी गरियो । तर, उक्त निर्देशनलाई न संसदीय दलले मान्यो, न त पार्टी समितिले लागू गराउन सक्यो ।

अध्यक्ष दाहालको पटक-पटक लिखित र मौखिक निर्देशन कार्यान्वयन नभएको भन्दै भट्ट समर्थक नेताहरूले आलोचना गरेपछि उनले भट्ट नै दलका नेता हुने भनेका थिए । तर, उक्त निर्णय भने पनि लागू भएको छैन ।

संसदीय दलभित्रको विवाद मिलाउन पटक-पटक गरिएको निर्देशन अवज्ञा भएपछि अध्यक्ष दाहाल तनावमा रहेका नेताहरूको भनाइ छ ।

मधेशको जागरण अभियान सकेर दाहाल २० फागुनमा धनगढी जाँदै छन् । त्यसअघि विवाद साम्य पार्न उनको निर्देशन छ । तर, यस पटक पनि अध्यक्षको निर्देशन कार्यान्वयन हुने छाँट नदेखिएको सांसदहरू बताउँछन् ।

अध्यक्षको निर्देशन बारम्बार कार्यान्वयन नहुँदा केन्द्र र स्थानीय नेताहरू अचम्मित छन् । प्रदेश समितिका एक नेता भन्छन्, ‘अध्यक्षको निर्देशन नमान्ने कसको ताकत छ र पार्टीभित्र ? अध्यक्षले नै दोहोरो भूमिका गरिरहेको हाम्रो बुझाइ छ ।’

## भाषणमा...

तीव्रता दिन राष्ट्रिय सहमतिको सरकार निर्माण गर्ने, संविधानमा आवश्यक संशोधन र तदअनुकूलको कानुन निर्माणलाई प्राथमिकता दिने, आन्तरिक र बाह्य लगानीलाई प्रोत्साहन गरी मुलुकभित्र पर्याप्त र मर्यादित रोजगारी सिर्जना गर्ने, जनभावनाअनुरूप प्रदेश तथा स्थानीय तहमा हुने विकास निर्माणको कामलाई तीव्रता दिने ।’

प्रधानमन्त्री ओली र सत्ताको मुख्य सहयात्री दल नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाबीच भएको यो सहमतिअनुसार सरकारका मन्त्रीहरूले काम गर्न सकेका छैनन् । सरकारका कामलाई प्रभावकारी बनाउन र ७ बुँदे कार्यान्वयनका लागी २ दलबीच उच्चस्तरीय राजनीतिक संयन्त्रसमेत बनाइएको छ । यद्यपि, सरकारका प्रधानमन्त्रीदेखि मन्त्रीहरूको दैनिकी गफमै सीमित हुँदै आएको आमटिप्पणी भइरहेको छ ।

‘मन्त्रीले सरकारबाट विनियोजित बजेट र योजनाको काम समयमै सम्पन्न गर्ने र जनतालाई प्रतिफल दिनेगरी काम गर्ने हो’, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. गोविन्दराज पोखरेलले भने, ‘मुलुकका राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति किन भएन ? विकासलाई प्रभावकारी बनाउन नीतिगत सुधार के गर्नुपर्छ ? जनतासँग प्रत्यक्ष सरोकार राख्ने विकास निर्माण, सेवा प्रवाह र सुशासनका विषयमा के कसरी काम गर्ने ? भन्ने सन्दर्भमा मन्त्रीहरूको ध्यान जान सकेको देखिएको छैन ।’

विकास आयोजना कार्यान्वयन र त्यसबाट मुलुकले प्रतिफल प्राप्त गर्न सक्ने योजना बनाउने कुरामा ध्यान दिनुपर्नेमा मन्त्रीहरू अहिले भाषणमै रमाउने र सुझावकर्ता जस्तो देखिएको उनको टिप्पणी छ । उनी भन्छन्, ‘मन्त्रीहरूले सुझावकर्ता जस्तो यसो गर्नुपर्छ र उसो गर्नुपर्छ भनेर सुझाव दिँदै हिँडेका देखिन्छ । मन्त्रीले सुझाव दिने होइन, काम गर्ने कार्यकारी पदमा छु भनेर हेक्का राख्नुपर्छ ।’

प्रधानमन्त्री र सबै मन्त्रालयका मन्त्रीबीच गत २७ भदौमा चालू आर्थिक वर्षमा मन्त्रालयले गर्नुपर्ने कार्य र प्राप्त गर्नुपर्ने उपलब्धिसमेतको खाका समेटिएको कार्यसम्पादन सम्झौता गरिएको थियो । तर, अधिकांश मन्त्रीहरू उद्घाटन, समापान, अनुगमन र बैठकमै व्यस्त हुँदा मन्त्रालयको काम हुन सकेको छैन ।

प्रधानमन्त्रीसँग गरेको कार्यसम्पादन सम्झौतालाई मन्त्रालयस्तरबाट कार्यान्वयन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले समेत बेलाबखत अनुगमन र आवश्यक सहयोग गर्ने गरे पनि आमरूपमा देखिनेगरी कामको प्रभावकारिता बढ्न नसकेको प्रधानमन्त्री कार्यालयका अधिकारीहरू नै बताउँछन् । २ साताअघि सार्वजनिक गरिएको मन्त्रीहरूको कार्यसम्पादन मूल्यांकनले समेत यसलाई पुष्टि गरिसकेको छ ।

मन्त्रीहरूले कार्यसम्पादन संझौताअनुसार कागजी काम देखाएर प्रधानमन्त्रीलाई बुझाउने गरेको एक पूर्वप्रशासकले बताए । ‘प्रधानमन्त्रीले मन्त्रीसँग कार्यसम्पादन संझौता गर्नु जनतामाझ भ्रम छर्नु मात्र हो’, उनले भने, ‘मन्त्रीले मुलुक र जनताको स्वार्थअनुसार काम गर्ने अभ्यास निकै कम छ । कार्यसम्पादन संझौता कागजी घोडा मात्र हुन् ।’

हाम्रोमा अधिकांश मन्त्रीहरू औपचारिक कार्यक्रममा गएर सुझावयुक्त अभिव्यक्ति र केही आश्वासनका पोकाहरू बाँड्नेबाहेक खासै काम नहुने गरेको उनको अनुभव छ । राज्यबाट विनियोजित बजेट र सोको योजना नियमित हुने प्रक्रिया भएकाले उक्त काम कर्मचारी तहबाटै सम्पन्न हुने गरेको उनले जिकिर गरे ।

योजनाबद्ध ढंगले काममा लाग्नुपर्ने सरकारका मन्त्रीहरू दैनिकजसो औपचारिक कार्यक्रममा पुगेर आश्वासन दिने, सुझाव दिने खोक्रा भाषणमा सीमित हुँदा सरकारको काम प्रभावहीन बन्दै गएको सरोकारवालाहरूले दाबी गरेका छन् । मन्त्रीको पछिल्लो दैनिकी सार्वजनिक रूपमा भाषण पिट्ने र अनौपचारिक रूपमा सेटिङमा व्यस्त हुने गरेको मन्त्रालय स्रोतको दाबी छ ।

मन्त्रीका सचिवालय र सल्लाहकारहरूबाट समेत औपचारिक भाषणको प्रचारबाजीबाहेक कुनै विषयगत अध्यायन गरेर अल्पकालीन र दीर्घकालीन सोचका योजना बनाइदिने अभ्यास नभएको मन्त्रालयमा कार्यरत उच्च तहका कर्मचारीहरू बताउँछन् ।

## अनलाइन...

अवैध कार्यमा लगाउने, राहदानी खोसिदिने, १२-१३ घण्टासम्म काममा लगाउने, तलब माग्दा चरम यातना दिने समस्या बढेको छ । यसअघि थाइल्यान्ड र म्यान्मारमा प्रलोभन देखाई नेपालमा रहेका तथा वैदेशिक रोजगारी र अध्ययनको सिलसिलामा यूएईलगायतका मुलुकमा रहेका नेपालीलाई थाइल्यान्डको बैंकक र यांगुनको अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गराई विभिन्न माध्यमबाट म्यान्मारको कायिन प्रान्तको म्यावडीमा लगी जबरजस्ती अवैध कार्यमा लगाइएको घटना सार्वजनिक भएको थियो ।

# ‘केपी शर्मा ओली: सपना, संघर्ष र संकल्प’ पुस्तक लोकार्पित



**काठमाडौं/मस–** पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले पत्रकार गणेश पाण्डेद्वारा सम्पादित ‘केपी शर्मा ओली: सपना, संघर्ष र संकल्प’ पुस्तकको लोकार्पण गरेकी छन् ।

प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष ओलीले लोकतन्त्र प्राप्तिका लागि गरेका अनेक संघर्षदेखि मुलुकको समृद्धिका लागि देखाएका सपना र गरेका नेतृत्वदायी पहललाई समेटेर पुस्तक तयार गरिएको हो ।

पुस्तकमा प्रधानमन्त्री ओलीका सहयात्री, राजनीतिज्ञ, अर्थविद्, सामाजिक व्यक्तित्वहरुका लेख-रचनासमेत समावेश गरिएको छ । सो पुस्तक अल्केमी प्रकाशनले गरेको हो । कार्यक्रममा प्रधानमन्त्री ओली, एमालेका महासचिव शंकर पोखरेललगायत सहभागी थिए ।

# वास क्षेत्रको विकाससम्बन्धी समझदारी पत्रमा हस्ताक्षर



**काठमाडौं/मस–** नेपाल र भारतबीच खानेपानी, सरसफाई तथा स्वच्छता (वास) क्षेत्रको विकास सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

भारतको राजधानी नयाँ दिल्लीमा सोममबार आयोजित कार्यक्रममा खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रको विकाससम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको हो । नेपाल सरकारकातर्फबाट खानेपानी मन्त्री यादव तथा भारत सरकारकातर्फबाट जलशक्तिमन्त्री सिआर पाटीलले हस्ताक्षर गरे ।

खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक रामकुमार श्रेष्ठका अनुसार दुई देशबीच खानेपानी, सरसफाई र फोहोर व्यवस्थापन क्षेत्रमा सहयोग विस्तार गर्न सम्झौतापत्रमा हस्ताक्षर भएको तथा खानेपानीको स्रोतको विकास, स्वच्छ पानीको पहुँच, सरसफाई प्रवर्द्धन, फोहोर व्यवस्थापन र नेपाल सरकारको प्रयासलाई सशक्त बनाउने सम्झौतापत्रको लक्ष्य हो ।

नेपाल र भारत दुवै देशहरूबीच मैत्रीपूर्ण सहकार्यलाई प्रवर्द्धन गर्ने र स्वच्छता क्षेत्रमा अन्तर-सरकारी सहकार्यलाई सुदृढ गर्ने आकांक्षा राख्दै जल सुरक्षासम्बन्धी नेपाल सरकारका प्रयासहरू तथा चिन्ताहरूलाई स्वीकार गर्दै नेपालमा सुरक्षित खानेपानीको पहुँच सुनिश्चित गर्दै, सुरक्षित वातावरणमा जनताको जीविकोपार्जनलाई सक्षम तुल्याउने उद्देश्य राखिएको सम्झौतापत्रमा उल्लेख छ ।

सम्झौतामा भूमिगत पानी व्यवस्थापन, प्रविधि तथा सूचना आदान-प्रदान, वर्षातको पानी संकलन तथा मापन, प्रविधि साझेदारी, नेपाल सरकारलाई प्रविधि तथा तालिम सहयोग रहने पनि उल्लेख छ । सम्झौंताले नेपाल र भारतबीच खानेपानी तथा सरसफाइ क्षेत्रमा आपसी सहयोग बलियो बनाउने लक्ष्य राखिएको छ ।

# कर्णालीका १५५ पालिकाको स्तर निर्धारण

**काठमाडौं/मस–** राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राध्यापक डा. शिवराज अधिकारीले कर्णालीका १५५ पालिकालाई सरकारले दिने ८० प्रतिशत स्रोतबाट फाइदा पुगेको बताएका छन् ।

काठमाडौंमा सोमवार नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले आयोजना गरेको कार्यक्रममा बोल्दै उनले २० वटा सूचकको विश्लेषण गरेर कर्णालीका १५५ पालिकाको स्तर निर्धारण गरिएको



बताए । पालिकाले ५० प्रतिशत र केन्द्र सरकारले ५० प्रतिशत स्रोत व्यवस्थापन गर्नेगरी भएको पुरानो व्यवस्था परिवर्तन गरेर ८० प्रतिशत केन्द्रले र २० प्रतिशत पालिका वा प्रदेश व्यहोर्ने गरी परिवर्तन गरिएको पनि उनले बताए ।

स्रोत व्यवस्थापनमा भएको परिवर्तनले पालिकाहरूको प्रतिक्रिया सोचेभन्दा राम्रो भएको उनको भनाइ छ । उपाध्यक्ष प्रा.डा. अधिकारीले कर्णालीका पालिकाबाट शुरु गरेको स्रोत व्यवस्थापनका कार्य सबै प्रदेशका पालिकामा गर्दै जाने बताए ।

# २५ बढी विद्यार्थी बेहोस

**वीरगंज/मस–** पर्साको कालिकामाई गाउँपालिका-४ कटिबलुवास्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका २५ भन्दा बढी विद्यार्थीहरू अचानक बेहोस भएका छन् ।

सोमबार बिहान विद्यालयको प्रार्थना सकिएपछि कक्षाकोठामा पठनपाठन सुरु भएलगत्तै विद्यार्थीहरू अचानक बेहोस भएका थिए । कक्षा ६ देखि १० सम्मका २५ भन्दा बढी विद्यार्थी अचानक बेहोस भएको गाउँपालिका अध्यक्ष बशीष्ट प्रसाद कलवारले बताए ।

कक्षाकोठामा बेहोस भएका विद्यार्थीहरूलाई उपचारका लागि पोखरियास्थित पोखरिया अस्पतालमा लगिएकोमा १ जना बाहेक अरू सबैको अवस्था खतरामुक्त छ । विद्यार्थीहरू बेहोस हुनुको कारण खुल्न सकेको छैन । विद्यार्थीहरु बेहोस भएपछि विद्यालय बन्द गरिएको थियो ।

# माओवादी आक्रमणमा ध्वस्त अछाम दरबारको पुनर्निर्माण सम्पन्न



**अछाम/मस–** तत्कालीन माओवादीको आक्रमणमा ध्वस्त भएको अछाम दरबारको पुनर्निर्माण सम्पन्न भएको छ ।

४ फागुन २०५८ मा तत्कालीन विद्रोही माओवादीले आक्रमण गर्दा दरबार ध्वस्त भएको थियो । दरबारमा पहिले जिल्ला प्रशासन कार्यालय, मालपोत, जिल्ला अदालतलगायतका कार्यालय थियो । तर माओवादी आक्रमणका बेला जिल्ला प्रशासन कार्यालय मात्र थियो ।

आक्रमणमा प्रमुख जिल्ला अधिकारी मोहनसिंह खत्रीसमेत मारिएका थिए । घटनामा नेपाली सेनाका ५३ जवान, ५९ प्रहरी, २ निजामती कर्मचारी र ८ सर्वसाधारण गरी १ सय २२ जनाको मृत्यु भएको थियो ।

अछाम दरबार झन्डै १५० वर्षअघि मंगलसेनका तत्कालीन राजा टीकाभुक शाहका पालामा निर्माण सुरु भई उनका छोरा दलबहादुर शाहका पालामा १९३५ सालमा निर्माण सम्पन्न भएको थियो । १६ वर्षमा दरबारको पुनर्निर्माण भएको हो । २ करोड ४८ लाख रुपैयाँमा पुनर्निर्माण सम्पन्न भएको सहरी विकास मन्त्रालयका महानिर्देशक मचाकाजी श्रेष्ठले बताए । उनका अनुसार दरबार ३ सय २० वर्गमिटरमा बनेको छ भने दरबार क्षेत्रको जम्मा क्षेत्रफल ९ सय ६० वर्गमिटर रहेको छ । दरबार परिसरको संरचना र संरक्षणका लागि चालु आवमा मन्त्रालयले मातहत कार्यालयबाट बजेट चलाउन मिल्ने गरी २ करोड बजेट छुट्याइएको र टेन्डर आवाहन भइसकेको उनले बताए ।

संघीय सरकारका उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले पुनर्निर्मित दरबारको उद्घाटन गरे । सहरी विकास मन्त्रालय मातहतहत निर्माण भएको दरबार अछामका प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्सालमार्फत गृह मन्त्रालयलाई मन्त्री सिंहले हस्तान्तरण गरे । अछाम दरबारमा साविकका कार्यालय सञ्चालन गर्ने कि संग्राहलयका रुपमा विकास गर्ने भन्नेबारे छलफल भइरहेको सांसद पुस्पबहादुर शाहले बताए ।

# प्रकृति लम्सा‌ललाई न्याय दिलाउँछौं : परराष्ट्रमन्त्री

**काठमाडौं/मस–** परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले भारतको ओडिसास्थित केआइआइटी विश्वविद्यालयमा रहस्यमय मृत्यु भएकी नेपाली विद्यार्थी प्रकृति लम्साललाई न्याय दिलाउने विश्वास दिलाएकी छन् । प्रकृतिको मृत्युपछि शोकमा रहेका उनका बुबाआमा र आफन्तजनलाई सोमबार भैरहवामा भेटेर समवेदना प्रकट गर्दै मन्त्री डा.देउवा र गृहमन्त्री रमेश लेखकले यस्तो बताइन् ।



मन्त्री डा.देउवाले मृत्युको प्रकृतिका बुबाआमा र आफन्तजनलाई सत्यतथ्य पत्ता लगाई दोषीमाथि कानुनबमोजिम कडा कारबाहीका लागि आफूले सुरुदेखि नै कूटनीतिक पहल जारी राखेको बताइन् । उनले प्रकृतिको मृत्यु र त्यसपछि विकसित घटनाक्रमबारे आफूले गत हप्ता ओडिसाका मुख्यमन्त्री मोहनचरण माझीसँग कुराकानी गरेको र उक्त घटना भएलगत्तै त्यहाँका उच्च शिक्षामन्त्रीसँगसमेत कुराकानी भएको जानकारी गराइन् । त्यसक्रममा घटनाको सत्यतथ्य छानबिन गरी दोषीमाथि कानुनबमोजिम कारबाही गर्न र त्यहाँ अध्ययनरत नेपाली विद्यार्थीलाई पठनपाठनको उचित र सुरक्षित प्रबन्ध गर्न आग्रह गरेको मन्त्री डा.देउवाले जानकारी गराइन् । प्रकृतिका बुबाआमासँग उनले भनिन्,'मैले कूटनीतिक माध्यमबाट दोषीमाथि कानुनी कारबाहीका लागि पहल गर्न भारत सरकारसँग आग्रह गरेकी छु र सरकारले यसलाई फलोअप गरिरहेको छ । प्रकृतिलाई न्याय दिलाउने काममा म र गृहमन्त्रीजीले कुनै कसर बाँकी राख्ने छैनौं ।'

यस विषयमा परराष्ट्र मन्त्रालय र नयाँ दिल्लीस्थित नेपाली दूतावासले ओडिसा सरकार, विश्वविद्यालय प्रशासन र भारतीय सुरक्षा अधिकारीको सम्पर्कमा रहेर आवश्यक समन्वयका साथ काम गरिरहेको पनि मन्त्री देउवाले जानकारी दिइन् । उक्त विश्वविद्यालयमा अध्ययनरत प्रकृतिको यही फागुन ४ गते रहस्यमय मृत्यु भएको थियो ।

# लुम्बिनी बौद्ध विश्वविद्यालयले अमेरिकामा अध्ययन केन्द्र स्थापना गर्ने

**लुम्बिनी/मस–** लुम्बिनी बौद्ध विश्वविद्यालयले अमेरिकाको क्यालिफोर्नियामा अध्ययन केन्द्र स्थापना गर्ने घोषणा गरेको छ । बौद्ध अध्ययन सङ्कायअन्तर्गत स्नातकोत्तर तह र छोटो अवधिका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने गरी क्यालिफोर्नियामा अध्ययन केन्द्र स्थापना गर्न लागेको हो ।



विश्वविद्यालयका उपकुलपति प्राडा सुवर्णलाल बज्राचार्यले सोमबार लुम्बिनीमा आयोजित एक कार्यक्रमबीच क्यालिफोर्नियामा अध्ययन केन्द्र स्थापनाको घोषणा गरे । क्यालिफोर्नियाबाट छोटो अवधिको बौद्ध अध्ययनका लागि आएका विद्यार्थीहरुलाई प्रमाणपत्र प्रदानका लागि आयोजित कार्यक्रममा उहाँले केही सातामै भर्ना प्रक्रिया सुरु गर्ने बताए ।

विश्वविद्यालयले क्यालिफोर्नियामा बौद्ध अध्ययनका शैक्षिक कार्यक्रम सञ्चालनका लागि इन्लाइट इन्टरनेसनल जेन मेडिटेसन सेन्टरसँग सहकार्य सम्झौता गरेको छ । सोही सेन्टरबाट छोटो अवधिको शैक्षिक कार्यक्रमका लागि २५ जना विद्यार्थी लुम्बिनी आएका हुन् । उनीहरूले २ क्रेडिटको कक्षा लिएका छन् ।

त्यस अवसरमा विश्वविद्यालयका रजिष्ट्रार डा. तिलकराम आचार्यले अन्तरराष्ट्रिय सम्बन्ध विस्तारका लागि ४० भन्दा बढी संस्थाहरुसँग सहकार्य सम्झौता गरी अघि बढेको बताए ।

अन्तरराष्ट्रिय बौद्ध सम्मेलनको घोषणाअनुसार स्थापित भएको विश्वविद्यालयले बौद्ध शिक्षालाई विश्वभर फैलाउनका लागि अध्ययन केन्द्रहरू स्थापना गर्दै जाने पनि उनले उल्लेख गरे ।

बौद्ध अध्ययन सङ्कायका डिन डा. माणिकरत्न शाक्यले छोटो अवधिको शैक्षिक कार्यक्रममा विदेशी विद्यार्थीहरुको आकर्षण बढ्दै गएको बताए । अमेरिकाका विद्यार्थीहरूले बौद्ध अध्ययनका लागि लुम्बिनी बौद्ध विश्वविद्यालय रोजेको उनको भनाइ छ ।

## सुस्त विकासको नमुना

# १५ वर्षमा मात्र ६५ प्रतिशत सडक बन्यो



**पर्वत/मस–** उत्तर दक्षिण जोड्ने सबैभन्दा छोटो राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी लोकमार्ग १५ वर्षसम्म पनि पूरा हुन सकेको छैन । आर्थिक वर्ष २०६६/६७ देखि निर्माण सुरू भएको लोकमार्ग हालसम्म ६५ प्रतिशत मात्र प्रगति भएको हो ।

सरकारबाट पर्याप्त बजेट विनियोजन नहुनु नाकाबन्दी, भूकम्प, कोभिड-१९ को प्रभावलगायत कारणले डेढ दशकसम्म पनि आयोजना पूरा हुन नसकेको कालीगण्डकी करिडोर आयोजना कार्यालयले जनाएको छ ।

आयोजनाका अनुसार सडकका लागि आउने वार्षिक बजेटको सीमा पर्याप्त नभएका कारण निर्धारित मितिमा सडक सम्पन्न हुन नसकेको हो । चालु आर्थिक वर्षमा मात्रै ठेकेदारलाई भुक्तानी दिनुपर्ने दायित्व ५५ करोड रुपैया रहेको छ । कालीगण्डकी करिडोर आयोजना कार्यालय पाल्पाल इन्जिनियर पिपुल गौतमका अनुसार हालसम्म लोकमार्गको ६५ प्रतिशत काम पूरा भएको छ भने योजनाको सम्पन्न हुने अवधि थप गरी आर्थिक वर्ष २०८३/८४ सम्म पुर्‍याइएको छ । सडकको केही भाग छोडेर अधिकांशमा ११ मिटर चौडाइको बनाइएको छ ।

आव २०६६/६७ मा निर्माण थालनी भएको कालीगण्डकी कोरिडोरको कुल लम्बाइ ४९५ किलोमिटर छ । अनुमानित लागत ३० अर्ब ५७ करोड रुपैयाँ रहेकामा गैडाकोट-राम्दी-मालढुङ्गा खण्डको लागत २० अर्ब २२ करोड र बेनी-जोमसोम-कोरलाको लागत १० अर्ब ३५ करोड रुपैयाँ रहेको छ । हालसम्म २० अर्ब रुपैयाँ बराबर खर्च भइसकेको उनले जानकारी दिए ।

लोकमार्ग निर्माणमा ढिलासुस्ती भएको भन्दै प्रभावित क्षेत्रका स्थानीयवासी आक्रोशित भएका छन् । कालीगण्डकी कोरिडोर निर्माण कार्यको सुस्तगतिका कारण सिँचाइ र खानेपानीका योजना अवरूद्ध, गोरेटाबाटा र सहायक कच्ची सडकमार्ग लथालिङ्ग भई जनजीवन प्रभावित बनेको स्थानीयवासीको गुनासो छ ।

कालीगण्डकी कोरिडोरको गैंडाकोट-राम्दी-मालढुङ्गा खण्ड निर्माण कार्यले तीव्रता दिई समयमै सम्पन्न गर्नुपर्ने सरोकारवालाको माग रहेको छ । गण्डकी प्रदेशका पूर्वमन्त्री विकास लम्सालले बहुआयामिक महत्त्वको कालीगण्डकी कोरिडोर ठेकेदारले समयमा कार्यसम्पादन नगर्दा ढिलासुस्ती भएको भन्दै आर्थिक समृद्धिको ढोका खोल्ने सम्भावना बोकेको कोरिडोर निर्माणमा ढिलाइ हुनु दुःखद भएको बताए ।

सरकारबाट १ अर्ब ५० करोड रुपैयाँ बजेट सुनिश्चित भइसकेको अवस्थामा तीव्र गतिमा काम हुनुपर्ने उनको भनाइ छ ।

फलेवास नगरपालिकाका नगरप्रमुख गङ्गाधर तिवारीले कोरिडोर आर्थिक समृद्धिको आधार भएको हुँदा छिटो सम्पन्न हुनुपर्नेमा जोड दिए । कोरिडोर निर्माणको क्रममा लथालिङ्ग भएका सिँचाइ, खानेपानी र बाटाघाटालाई स्थानीयवासीको मागबमोजिम स्थानीय सरकारले समाधान गर्दै जाने भन्दै आयोजनाले समेत द्रुत गतिमा निर्माण गर्नुपर्ने बताए ।

पर्वतको विहादी गाउँपालिकाका पूर्वअध्यक्ष कमलप्रसाद भुसालले आफूहरू सदरमुकाम जान ३ जिल्लाको फन्को मारेर जानुपर्ने समस्याको करिडोरले अन्त्य गरेको भए तापनि सन्तोषजनक काम भने हुन नसकेको बताए । विहादी खण्ड कालोपत्र सम्पन्न भएकाले त्यहाँका स्थानीयवासी खुसी भएको र त्यहाँको कृषि उपज वस्तु बजारीकरणमा सहज भएको उनको भनाइ छ । उनले आयोजना तीव्र गतिमा बढाउन आग्रह गर्दै कोरिडोर निर्माण गर्दा खसेको ढुङ्गा र माटो थुप्रिँदा धार्मिकस्थल सेतीवेणीको शालिग्राम शिलाको अस्तित्व मेटिने भएको गुनासो गरे ।

# उपरथीमा पदोन्नति भएका जीसीलाई दर्ज्यानी चिह्न प्रदान



**काठमाडौं/मस–** प्रधानसेनापति अशोकराज सिग्देलले नेपाली सेनाको उपरथीमा पदोन्नति भएका कृष्णबहादुर जिसीलाई दर्ज्यानी चिह्न प्रदान गरेका छन् ।

सैनिक मुख्यालय जङ्गीअड्डामा सोमबार आयोजित कार्यक्रममा उनलाई उपरथी दर्जाको दर्ज्यानी प्रदान गरिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

सरकारले उनलाई १२ फागुनमा उपरथीमा बढुवा गर्ने निर्णय गरेको थियो । पदोन्नतिसँगै उपरथी जिसीलाई मध्य पूर्वी पृतनाको पृतनापतिमा नियुक्त गरिएको थियो ।

सोही अवसरमा महासेनानीमा पदोन्नति भएका प्राविधिक प्रमुख सेनानी डा। कुन्दविक्रम शाहलाई पनि दर्जाको दर्ज्यानी चिह्न प्रदान गरिएको सेनाले जनाएको छ ।

# भैरहवा क्याम्पसमा तोडफोड



**काठमाडौं/मस–**रूपन्देहीको भैरहवा बहुमुखी क्याम्पसमा विद्यार्थीहरूले तोडफोड गरेका छन् । स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को चुनावलाई लिएर विद्यार्थीहरूबचि विवाद भएपछि उनीहरू क्याम्पसमा तोडफोडमा गरेका हुन् । स्ववियु निर्वाचनको विषयमा विद्यार्थी संगठनहरूबीच बैठक चलिरहेको बेला क्याम्पसको हलमा तोडफोड भएको हो ।

५ चैत क्याम्पसमा स्ववियु निर्वाचन हुँदैछ । त्यसैका लागि सोमबार देशभरका क्याम्पसहरूमा विद्यार्थी संगठनहरूले नाम दर्ता गरिरहेका छन् । तर, भैरहवा बहुमुखी क्याम्पसमा ५ विद्यार्थी संगठनहरूले आइतबार स्ववियु निर्वाचन कार्यकक्षमा तालाबन्दी गरेका थिए ।

तालाबन्दी भइरहेको अवस्थामा निर्वाचन तालिकाअनुसार निर्वाचन आयोगले आफ्नो प्रक्रिया अगाडि बढाउने भन्दै सोमबार ५ विद्यार्थी संगठनसँग बैठक बसेको थियो ।

सोही क्रममा एमालेको भातृ संगठन अनेरास्ववियु निर्वाचनका लागि संगठन दर्ता गर्न बाजागाजासहित क्याम्पसमा प्रवेश गरेपछि ५ विद्यार्थी संगठन तोडफोडमा उत्रिएका हुन् ।

विद्यार्थीहरूको तोडफोडले क्याम्पसका कुर्सीहरू भाँचिएका छन् । विद्यार्थीहरूले क्याम्पस प्राङ्गणमा टायर बालेर विरोध प्रदर्शन गरेका थिए ।

**कुवेतमा रोजगार**

कम्पनी: **BB Spa Salon for Ladies Beauty** — शहर: **KUWAIT**
पूर्व स्वीकृत मितिः २०८१/११/१९ — चलानी नं.: ६०२३३९०२ — LT. No.: 319721

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HAIRDRESSER | 0 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ६७,८१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | MANICURE/PEDICURE | 0 | 3 | | 150 | ६७,८१९ | | | | | | | |

कम्पनी: **Details and More Ladies Beauty Salon Co.** — शहर: **KUWAIT**
पूर्व स्वीकृत मितिः २०८१/११/१९ — चलानी नं.: ६०२३३९०१ — LT. No.: 319720

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HAIRDRESSER | 0 | 10 | सम्बन्धित काममा दक्ष | 150 | ६७,८१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | MANICURE/PEDICURE | 0 | 5 | | 150 | ६७,८१९ | | | | | | | |

कम्पनी: **La Rose Hair Ladies Beauty Salon Co.** — शहर: **KUWAIT**
पूर्व स्वीकृत मितिः २०८१/११/१९ — चलानी नं.: ६०२३३९०० — LT. No.: 319719

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HAIRDRESSER | 0 | 5 | सम्बन्धित काममा दक्ष | 150 | ६७,८१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | MANICURE/PEDICURE | 0 | 5 | | 150 | ६७,८१९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २७ गते (11 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Guideline Recruitment Service Pvt. Ltd.**
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497,982-2506451, 982-3461212.
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

**Invitation For Quotations**

**Putha Uttarganga Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Takasera, Rukum (East), Lumbini Province, Nepal**
**Re-Invitation For Sealed Quotation for the procurement of following mentioned Works.**
**(First Date Of Publication: 2081/11/04 B.S) ( 2025/02/16. A.D)**
**(Second Date Of Publication: 2081/11/20 B.S) ( 2025/03/04. A.D)**

1. Putha Uttarganga Rural Municipality (PURMO) invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under National Competitive Bidding procedures.
2. A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Sealed bids must be submitted though electronically to the office PURMO Takasera, Rukum (East) on or before 12:00 Noon on 2081/12/06 B. S (2025/03/10A.D). Bids received after this deadline will be rejected automatically.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 on 2081/12/06 B.S (2025/03/19A.D) at the office of PURMO Takasera, Rukum (East). Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of the below mentioned amount which shall be valid for 30 days beyond the validity period of the bid.
5. All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act 2063 and Regulations 2064 including all amendments.
6. Putha Uttarganga Rural Municipality Office (PURMO), Takasera, Rukum (East) reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
7. Information to deposit the cost of Bidding Doccument and Bid-Bond in the Bank:

| Office Name | Putha Uttarganga Rural Municipality ,Rukum (East) | | |
|---|---|---|---|
| For Bid Document | Putha Uttarganga (GA 1.1) Aantarik Rajaswa Khata | 01415359946 | Siddartha Bank Ltd., Putha Uttarganga Branch |
| For Bid Security | Putha Uttarganga (GA 03) Dharauti Khata | 01415220470 | |

8. The Name and identification no of the contracts are as follows.

| S. N. | Contract No. | Description of works | Estimate Amount (Exclusive of VAT & Contingencies) (NRs.) | Bid Security Amount (NRs.) | Bid Doccument Price (NRs.) |
|---|---|---|---|---|---|
| 1. | EGP/SQ/PURMO /SQ-01/081-82 | Construction OF Community Health Center Building At Kyubang-12, Putha Uttarganga R.m. | 12,77,283.90 | 36,400 | 1000 |

**Act. Chief Administrative Officer**

Bagamati Province Government
Ministry of Social Development
***Social Development Office, Lalitpur***

**Invitation for Bids**

Date of publication: 2081/11/20 (4th March 2025)

1. ***Social Development Office, Lalitpur*** invites only electronic bids from eligible bidders for the construction of works as mentioned below. ***Eligible Bidders may obtain further information and inspect the Bidding Documents from PPMO e-GP system www.bolpatra.gov.np/egp.***
2. Bidder can submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp.
3. **Information to deposit the cost of bidding document in Bank:** Name of the Bank: Nepal Bank Limited, Gabahal, Lalitpur Office Code no.: **3500134023** Rajaswa (revenue) Shirshak no.: **14229, Revenue Acount No. 27202000001001000001**
4. ***Last date of Bid Submission - 2081/12/21 (12:00 hours),*** Bid opening Date - ***2081/12/21 (13:00 hours)*** at the office ***Lalitpur***.

| S N | Description of Work and Contract No. | Estimate Amount Without Vat & Contingencies (NRs.) | Bid Security Amount (NRs.) | Bid Fee (NRs.) |
|---|---|---|---|---|
| 1 | Construction of Siddha Ashram Shakti Dhyan Kendra Building, Kageshwari Manohara 4, Thali,.Kathmandu SDOLALITPUR/NCB/13/2081-82 | 21,42,197.56 | 60,000 | 3,000 |

**कर्णाली प्रदेश सरकार**
**जलस्रोत तथा उर्जा विकास मन्त्रालय**
**खानेपानी, सिचाई तथा उर्जा विकास कार्यालय**
**गमगढी मुगु**

**बोलपत्रको प्राबिधिक प्रस्ताब स्वीकृत र आर्थिक प्रस्ताब खोल्ने सूचना**

**(सूचना प्रकाशित मितिः– २०८१/११/२०)**

यस कार्यालयको मिति २०८१/०९/०१ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा र www.bolpatra.gov.np/egp मार्फत E-bidding प्रकाशित भएको तपसिलको कार्यको लागि निर्धारित मिति भित्र विद्युतीय खरिद प्रक्रियामा दर्ता भयका बोलपत्रहरु खोलि प्राविधिक प्रस्तावहरु मूल्यांकन गर्दा तपसिल अनुसारका बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावहरुको प्राविधिक प्रस्तावहरु सारभूत रुपमा प्रभावग्राही भइ योग्यताका सबै आधारमा सफल भयकोले सार्वजनीक खरिद नियमावली २०६४ को नियम ३१ज [४], [५] बमोजिम आर्थिक प्रस्ताव मिति २०८१/११/२७ दिनको २ बजे यस कार्यालयमा खोलिने भएकाले सम्बन्धित सबैको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं | निर्माण कार्यको बिवरण | सारभूत रुपमा प्रभावग्राही तथा योग्यताको आधारमा सफल बोलपत्र दाताहरुको नाम र ठेगाना |
|---|---|---|---|
| 1. | WIEDO/MUGU/ WORKS/ NCB/01/081/82 | Construction of Khaddhyanna tatha Posan Nyunatapurti ka Lagi Khanepani thata Sichai Aayojana Soru RM-1,2 (Gulma ISp Soru RM 01,02, Gothi ISP Soru RM-01,02, Gard Panare to Gau Jiula ISP Soru RM-02, & Utari khola Chor Kulo ISP Soru RM 01,02), Mugu District. | १ महादेव आयूस / उपमा जे भी काठमाडौं |
| 2. | WIEDO/MUGU/ WORKS/ NCB/02/081/82 | Construction of Khaddhyanna tatha Posan Nyunatapurti ka Lagi Khanepani Aayojana Soru RM-1,2 Barma Jawal dhara WSP, Dhupi Water Supply Project, Dimur Dekhi Jadeypani, Gulma Kotwana Water Supply Project, nakchara WSP, Natharpa Water Supply Project, Nildana Water Supply project | १ उपमा /डी.एण्ड डी. जे.भी. काठमाडौं |

**कार्यालय प्रमुख**

मध्यान्ह
www.madhyanhadaily.com
२० फागुन २०८१ मंगलबार
4 March 2025, Tuesday

सम्पादकीय

## स्ववियु चुनावले दिने सन्देश

त्रिभुवन विश्वविद्यालयअन्तर्गतका क्याम्पसहरूमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को चुनावी प्रक्रिया सुरू भएको छ । आगामी ५ चैतमा मतदान हुने स्ववियु चुनावका लागि विद्यार्थी संगठनहरू दर्ता भएका छन् । विद्यार्थी संगठनहरूको दर्ता अगावै उम्मेदवारी घोषणाको लहर चलेको थियो । राजनीतिक दल निकट विद्यार्थी संगठनका तर्फबाट र स्वतन्त्र उम्मेदवारी घोषणाले क्याम्पसहरूलाई चुनावमय बनाइसकेको छ । ठूला क्याम्पसहरूमा भएको उम्मेदवारी घोषणाले राष्ट्रिय राजनीतिलाई पनि प्रभाव पार्न थालिसकेको छ । मुख्य कुरा त कुनै अप्रिय निर्णय नभए अब चुनाव हुने निश्चित भएको छ । विगतका नजिर हेर्ने हो भने नियमित चुनाव हुनु आफैँमा सफलता हो किनकि लामो समयसम्म स्ववियु चुनाव नहुने समस्याबाट विश्वविद्यालयहरू ग्रसित हुँदै आएका छन् ।

तर, यस पटक नियमित चुनाव हुने छाँटकाँट देखिएको छ । यसको जस विद्यार्थी संगठनहरूलाई नै जान्छ । विद्यार्थी संगठनहरूकै अग्रसरताका कारण स्ववियुको २ वर्षभित्रै हुन लागेको हो । यस पटक ठूला दलहरूबीच गठबन्धन नगर्ने घोषित नीतिका कारणले पनि स्ववियु चुनाव निर्धारित मितिमै हुन बल पुगेको छ । विशेषगरी नेपाली कांग्रेस र नेकपा एमालेको मूल नेतृत्व नै कुनै पनि चुनावमा गठबन्धन नगर्ने नीतिमा छन् । त्यसको असर स्ववियु चुनावमा परेको छ । नेविसंघ र अनेरास्ववियुले एक्लै चुनाव लड्ने निर्णय गर्दा अरू विद्यार्थी संगठनहरू पनि उत्साहित देखिएका छन् । कसैले पनि गठबन्धन नगर्दा स्ववियु जित्ने आँकलनका कारणले पनि अवरोध नभएको हुन सक्छ ।

अबको दायित्व निष्पक्ष निर्वाचन गराउनु हो । स्ववियु चुनाव निष्पक्ष रूपमा सम्पन्न गर्नु भनेको भोलिको समाजको सुरक्षा पनि हो किनकि उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरू माझ हुने यो चुनाव देशकै भविष्यसँग जोडिएको हुन्छ । आज स्ववियु चुनावमा उम्मेदवार बन्ने र मतदान गर्नेहरू भोलि समाजका महत्त्वपूर्ण भूमिकामा पुग्छन् । त्यस्तो बेला उनीहरूले स्ववियु चुनावमा भएको प्रयोगलाई दोहोऱ्याउने छन् । स्ववियु चुनावमै धाँधलीको अभ्यास सिके भने भोलि आमचुनावमा पनि त्यस्तै अभ्यास दोहोऱ्याउने छन् । यदि अन्तर्वस्तुका आधारमा बहस गर्ने र नेतृत्व चुन्ने अभ्यास गरे भने समाजका अरू संस्थाहरूमा पनि त्यही प्रभाव सर्ने छ । त्यसैले, स्ववियु चुनाव देशकै भविष्यसँग जोडिने भएकाले यसलाई अर्थपूर्ण रूपले हेर्न जरूरी छ ।

# बाह्य व्यापार र समकारक एन्टी-डम्पिङ ऐन

अग्रलेख



● डा. सुमनकुमार रेग्मी




नेपालमा आयात हुने वस्तु सो वस्तु उत्पादन भएको मुलुकमा विक्री हुने सामान्य मूल्यभन्दा कम मूल्यमा विक्री हुन नदिने र अनुदान प्राप्त वस्तुहरूको आयातबाट स्वदेशी उद्योगहरूलाई संरक्षण दिने सम्बन्धमा अन्तर्राष्ट्रिय मापदण्डअनुसार आवश्यक व्यवस्था गर्न अत्यावश्यक भएको छ । स्वदेशमा डम्प गरिएका वस्तु भन्नाले जुन विदेशबाट नेपालमा वस्तु आयात गरिएको हो, सो मुलुकमा सो वस्तु विक्री हुने सामान्य मूल्यभन्दा कम मूल्यमा नेपालभित्र आयात गरिएका वस्तु मानिन्छ ।

डम्पिङ मार्जिनको माध्यमबाट वस्तुको निर्यात मूल्य र सामान्य मूल्यबीचको फरक नै मुख्य चुरो मानिएको छ । स्वदेशी उद्योगबाट उत्पादित सरहको बाह्य मुलुकबाट जुन वस्तु आयात भएको हो, सो वस्तुसँग मिल्दोजुल्दो वा समान खालको वस्तु उत्पादन गर्ने नेपाली उत्पादनकर्ताका आधारको भूमिका नै यस्तो व्यवस्थामा महत्त्वपूर्ण मानिएको छ । वस्तुको सामूहिक उत्पादनबाट नेपालको कुल आन्तरिक उत्पादनको अधिकांश उत्पादन ओगट्ने उत्पादनको उत्पादकलाई समेत तानेर ल्याई हिसाबकिताब गरिन्छ । तर, त्यस्ता उत्पादकमा त्यस्ता वस्तुको आयातकर्तासमेत तानिन्छन् ।

एन्टी-डम्पीङ महसुल सन्दर्भ जोड्दा वस्तु निर्यातक देशमा विक्री हुने सामान्य मूल्यभन्दा कम मूल्यमा नेपालमा आयात गरिएको वस्तुमा लगाइने थप महसुलले नेपालको आयात घटाउन मदत गर्छ ।

नेपालमा आयात हुने वा भएका कुनै वस्तु डम्प गरिएको वा निर्यातक मुलुकबाट अनुदान प्राप्त वस्तु हुन् भन्ने लागेमा वा विश्वास गर्नुपर्ने मनासिब कारण भएमा स्वदेशी उद्योग वा सो उद्योगका तर्फबाट अनुसन्धान गरी उजुरी गर्न सकिने छ । तर, त्यस किसिमको उजुरीमा वस्तुसम्बन्धी विवरण, उजुरीमा लिइएका आधारहरू पुष्टि हुने प्रमाण र तोकिएबमोजिमका अन्य कुरा संलग्न गर्नुपर्ने छ ।

सोहीबमोजिम उजुरी गर्दा डम्प गरिएको, अनुदान दिइएको, हानि नोक्सानी पुगेको वा त्यस्तो डम्प वा अनुदान स्वदेशी हानि नोक्सानीका लागि कारक तत्त्व रहेको उपलब्ध भएसम्मको प्रमाण संलग्न गर्नुपर्ने हुन्छ ।

समान प्रकृतिका वस्तु, हानि नोक्सानी, इच्छुक पक्ष, खोजतलासको दायरामा रहेका वस्तु, एन्टी-डम्पिङ महसुल, अनुदान, समकारक महसुल, सामान्य मूल्य, निर्यात मूल्य, महसुल, निर्यातमूलक र तोकिएबमोजिमका व्यवहार गर्नुपर्ने यस व्यवस्थामा देखिन्छ ।

आयात गरिएका र नेपालमा उत्पादित समान प्रकृतिका वस्तु नेपालमा डम्प गरिएको वस्तु वा जुन मुलुकबाट वस्तु आयात गरिएको हो, सो मुलुकमा अनुदानबाट उत्पादन भएका वस्तु आयात गरिएको अवस्थामा सो मुलुकमा अनुदानबाट उत्पादन भएका वस्तु वा उत्पादनसँग समान वा मिल्दोजुल्दो वस्तु र यसको प्रकृति पूर्ण रूपमा अर्कोसँग समान नभए पनि खोजतलास रहेका वस्तुसँग नजिक रहेका वस्तुमा थप महसुल आकर्षण हुन्छ ।

महसुलसम्बन्धी व्यवस्थाअन्तर्गत क्रमशः नेपाल सरकारले महसुल लगाउन सक्ने, अन्तरिम महसुल लगाउन सकिने, अतिरिक्त महसुलका रूपमा महसुल लाग्ने, महसुल यकिन गर्नुपर्ने, महसुल निर्धारण गरी असुल गर्न सक्ने, अनुसन्धान स्थगन वा रद्द गर्न सक्ने, बढी महसुल फिर्ता गर्नुपर्ने, प्रावधान लागू नगर्न सक्ने, महसुल लगाइने समय, आवश्यक भएसम्म महसुल लागू हुने, प्रभाव नियन्त्रण गर्नका लागि महसुल लागू हुने, महसुल पुनरावलोकन गर्नुपर्ने र महसुल नलाग्ने औजारहरू नै यस व्यवस्थाको कार्यान्वयनमा उपयोग हुन्छन् ।

नेपालमा आयात गरिएका कुनै पनि वस्तुका विषयमा यस व्यवस्थामा हिसाबकिताब गरी कसुर ठहर गरेमा नेपाल सरकारले त्यस्तो वस्तुमा एन्टी-डम्पिङ वा समकारक महसुल लगाउन सक्ने छ । यसबाट देशलाई असह्य प्रसव पीडा जस्तै हुनेगरी नेपालमा आयात भएका वार्षिक रूपमा आएका १६ खर्बका विदेशी सामान आयातमा ह्वात्तै कटौती हुन सक्छ । यसतर्फ सम्बन्धितको ध्यान जान अत्यावश्यक छ ।

हानि नोक्सानी सन्दर्भमा आयात भएका वस्तुबाट स्वदेशी उद्योगलाई पर्ने वा पर्न सक्ने गम्भीर आर्थिक नोक्सानी वा स्वदेशी उद्योग स्थापनामा आउन सक्ने प्रत्यक्ष ह्रासबाट यस्ता महसुलको निर्धारण गरिन्छ । समग्र महसुल-व्यवस्थाअन्तर्गत खोज तलाससम्बन्धी व्यवस्थामा उजुरी दिन सकिने, अनुसन्धान गर्नुपर्ने, अनुसन्धानको सूचना, विवरण उपलब्ध गराउनुपर्ने, प्रतिवाद पेस गर्न सक्ने, अनुदान र हानि नोक्सानीको आधार हुने, खोज प्रतिवेदन पेस गर्नुपर्ने, खोजखबर गर्ने अवधि, नियमबमोजिम हुने र गोप्य राख्नुपर्ने कार्यहरू गर्न नितान्त आवश्यक छ । अन्यथा, यस्तो महसुल वाहियात, अनावश्यक गुणस्तरहीन वस्तु आयात भएको वस्तु आयात गर्ने देशले यस्तो व्यवस्थामा थप महसुल लागू गर्न सक्दैन ।

कुनै उजुरी परेमा अन्य कुनै स्रोतबाट नेपालमा आयात भएका वस्तु डम्प गरिएमा वा गरिन लागेको हो भन्ने लागेमा वा निर्यातक मुलुकबाट अनुदान प्राप्त वस्तु हुन् भन्ने थाहा पाएमा सो सम्बन्धमा अनुसन्धान आवश्यक पर्छ । उजुरीमा उल्लेखित वस्तु र मुलुकका सम्बन्धमा त्यस्तो वस्तुको आयात तोकिएबमोजिम न्यून वा नगण्य भएको पुष्टि हुने वस्तुगत आधार भए अनुसन्धान गर्नुपर्ने हुँदैन ।

> डम्प गरिएका वा अनुदान प्राप्त वस्तुमा डम्पिङ वा अनुदान मार्जिनमा नबढ्नेगरी नेपाल सरकारले अन्तिम एन्टी-डम्पिङ वा समकारक महसुल निर्धारण गर्न सक्ने छ । राष्ट्रिय हितका लागि महसुल लागू नगर्न उपयुक्त देखिएमा सम्बन्धित पदाधिकारीले तोकिएबमोजिम तोकिएको अवधिका लागि महसुल लागू नगर्न सक्ने छ...

सम्बन्धित वस्तुका निर्यातकर्ता, विदेशी उत्पादकहरू वा निर्यातकर्ता मुलुकको अधिकार प्राप्त निकाय वा इच्छुक पक्षहरूले उजुरीको विवरण उपलब्ध गराई उजुरीको विवरण त्यस्तो निर्यातकर्ता, उत्पादक, अधिकार प्राप्त निकाय वा पक्षलाई उपलब्ध गराउनु पर्ने छ । यसैअनुरूप जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी उजुरीको विवरण माग गर्नेको संख्या बढी भएको अवस्थामा निवेदनको पूर्ण विवरण विश्व व्यापार संगठनको सचिवालयमार्फत उपलब्ध गराउन सकिने छ । हुन आउने अनुदान र हानि नोक्सानी निर्धारण गर्ने आधार तोकिएबमोजिम हुनुपर्छ ।

कुनै वस्तुमा संकलन गरिएको महसुल रद्द गर्नुपरेमा अनुदान मार्जिन कम गरेमा सो वस्तुमा बढी असुल भएको महसुल आयातकर्तालाई तोकिएबमोजिमको अवधिभित्र भन्सार विभागले फिर्ता गर्नुपर्ने हुन्छ । सोहीबमोजिम फिर्ता गर्दा महसुलको ब्याज समेत ९० दिनभित्र सम्बन्धित आयातकर्तालाई फिर्ता गर्नुपर्ने छ ।

अतिरिक्त महसुलको रूपमा महसुल लाग्ने शीर्षकमा देखिन आएको आधारमा कुनै वस्तुमा महसुल लगाउने भएमा त्यस्तो वस्तुमा महसुल प्रचलित अन्य कानुनबमोजिम लाग्ने प्रचलित महसुलको अतिरिक्त व्यवस्था भएबमोजिमको महसुल लाग्ने छ । यसैबमोजिम महसुल लगाउनेगरी नेपाल सरकारले गरेको निर्णय नेपाल राजपत्र तथा राष्ट्रिय दैनिक समाचारपत्रमा सूचना प्रकाशन गर्नुपर्ने छ ।

महसुलको रकम डम्पिङ वा अनुदान मार्जिन वा हानि नोक्सानीको मार्जिनमध्ये जुन कम हुन्छ, सो मार्जिन महसुल निर्धारणको प्रयोजनका लागि यकिन गर्नुपर्छ । तर, यस प्रयोजनका लागि हानि नोक्सानीको मार्जिन भन्नाले तोकिएबमोजिम हिसाब गरिएको मार्जिन सम्झनुपर्छ ।

डम्प गरिएका वा अनुदान प्राप्त वस्तुमा डम्पिङ वा अनुदान मार्जिनमा नबढ्नेगरी नेपाल सरकारले अन्तिम एन्टी-डम्पिङ वा समकारक महसुल निर्धारण गर्न सक्ने छ । राष्ट्रिय हितका लागि महसुल लागू नगर्न उपयुक्त देखिएमा सम्बन्धित पदाधिकारीले तोकिएबमोजिम तोकिएको अवधिका लागि महसुल लागू नगर्न सक्ने छ । सकारात्मक प्रारम्भिक वा अन्तिम निर्णय भएपछि मात्र नेपालभित्र प्रवेश गरेका वस्तुमा अन्तरिम प्रावधानहरू र एन्टी-डम्पिङ वा समकारक महसुलहरू लगाइने छ । तर, एन्टी-डम्पिङ वा समकारक महसुलको प्रभाव कम हुनेगरी आयातीत वस्तुको मौज्दातमा तीव्र वृद्धि भएमा निश्चित समयका लागि भूत-लक्षित प्रभावको निर्णय लिन कुनै बाधा पर्ने छैन । व्यवस्था गरेअनुसार मूल्य संशोधनको अवधि र समीक्षा, सबुत प्रमाण र प्रक्रिया, पुनरावेदन गर्न सक्ने, सहयोग लिन सक्ने हुन सक्छ ।

सबुत प्रमाण र प्रक्रियाअन्तर्गतका अवस्थामा पुनरावेदन गर्न सक्ने प्रावधानमा लागेको महसुलविरुद्ध ३५ दिनभित्र वाणिज्य इजलासमा त्यस्तो वस्तु नेपालमा निर्यात गर्ने व्यक्तिले पुनरावेदन गर्न सक्ने छ । आवश्यकताअनुसार नेपाल सरकारका अन्य निकाय र पदाधिकारी तथा नेपाल सरकारको सेवामा अबद्ध नरहेका विशेषज्ञको समेत सहयोग लिन सकिने छ । समकारक र एन्टी-डम्पिङका उद्देश्यहरू कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्दै आउने छ । कार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा अड्चन पर्न आएमा यसअन्तर्गतका व्यवस्थाविपरीत नहुनेगरी नेपाल सरकारले सो सम्बन्धमा बाधा अड्चन फुकाउन आदेश जारी गर्न सक्ने छ ।

यी कदमहरू देशको आयात धान्न नसक्ने अवस्थामा परिचालन गर्न आवश्यक ठहर्छ । यी कदमहरू विश्व व्यापार संगठनको महसुल-एन्टी-डम्पिङ सम्झौताअन्तर्गत नेपालले प्रतिबद्धता गरेबमोजिम पहिले नै कार्यान्वयन गर्नुपर्थ्यो । यी उल्लेखित कदमले नेपालको आयात घटी व्यापार सन्तुलन नेपालको पक्षमा हुन सक्ने अवस्था आउँछ ।

यस्तो देशसहितको पक्षमा कदम चाल्न किन ढिलाइ भइरहेको छ भन्ने कुरा आश्चर्य भएको छ । साथै, नेपाल भूपरिवेष्टित भएका कारण चीन र भारतलाई समदूरीमा असर पर्ने भएकाले पो यो व्यवस्था कार्यान्वयन गर्न ढिलाइ गरिएको हो कि ?

*(रेग्मी व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका पूर्व नायब कार्यकारी निर्देशक हुन् ।)*

## इतिहासमा आज

४ मार्च १८६१ मा अब्राहम लिंकन १६औं अमेरिकी राष्ट्रपतिका रूपमा चयन भएका थिए ।



४ मार्च १६९९ मा यहुदीहरूलाई जर्मनीबाट निष्कासन गरिएको थियो ।



४ मार्च १९०२ मा सिकागोमा अमेरिकी अटोमोबाइल संघ (एएए)को स्थापना भएको थियो ।



४ मार्च १९५१ मा पहिलो एसियाली खेलकुद ४ देखि ११ मार्चसम्म आयोजना गरिएको थियो ।



# सामाजिक संजाल विधेयक र 'जेन-जी'

विचार



● रचना बयलकोटी

> जेन-जी एउटा यस्तो पुस्ता हो, जुन सबैभन्दा धेरै सामाजिक र सशक्त छ । यो पुस्ता डिजिटल प्लेटफर्म, सामाजिक संजाल र अनलाइन अभिव्यक्तिमा अत्यधिक निर्भर छ । "जेन-जी"ले सामाजिक संजाललाई आफ्ना विचारहरू अभिव्यक्त गर्न, राजनीतिक बहस गर्न, आफ्नो आवाज उठाउन प्रयोग गर्दै आएको छ...

सामाजिक संजाल विधेयक, २०८१ को दफा २७ को उपदफा २ को १ मा उल्लेख छ- सामाजिक संजालमा आफ्नो प्रोफाइल नखुलाए ३ महिनासम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिमाना वा दुवै सजाय हुने छ । छद्मभेषी, स्थायी वा अस्थायी समूह, पेज वा अन्य कुनै पनि प्रकारको आईडी खोली नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डतामा खलल पुग्ने वा राष्ट्रिय हित प्रतिकूल हुनेगरी गलत वा भ्रामक सूचना सम्प्रेषण गरे प्रचलित कानुनबमोजिम ५ वर्षसम्म कैद वा १५ लाखसम्म जरिमाना वा दुवै सजाय हुने व्यवस्था विधेयकमा छ ।

गत १५ माघमा संसद्मा पेस गरिएको यो सामाजिक संजाल विधेयक, २०८१ ले साइबर बुलिङ, डिजिटल ठगी र भ्रामक प्रचार नियन्त्रण गर्न केही कठोर उपायहरू प्रस्ताव गरेको छ, जसको प्रत्यक्ष प्रभाव 'जेन-जी' (सन् १९९७ देखि २०१२ सम्म जन्मेका पुस्ता)लाई पर्ने छ ।

जेन-जी एउटा यस्तो पुस्ता हो, जुन सबैभन्दा धेरै सामाजिक र सशक्त छ । यो पुस्ता डिजिटल प्लेटफर्म, सामाजिक संजाल र अनलाइन अभिव्यक्तिमा अत्यधिक निर्भर छ । 'जेन-जी'ले सामाजिक संजाललाई आफ्ना विचारहरू अभिव्यक्त गर्न, राजनीतिक बहस गर्न, आफ्नो आवाज उठाउन प्रयोग गर्दै आएको छ ।

ब्लग, भिडियो, मिम्स, पडकास्ट बनाउने काममा निकै सक्रिय रहेको यो पुस्तालाई यो विधेयकले भने खुम्च्याउन खोजेको देखिन्छ । यस्ता सामग्रीलाई नियन्त्रण गर्न खोज्दा जेन जीको स्वतन्त्र सिर्जनात्मकता घट्न सक्छ ।

आफ्नो प्रोफाइल लुकाएर भए पनि आफ्नो आवाज उठाइरहेका पुस्तालाई त यो विधेयकले आवाजविहीन नै बनाउने तयारी छ । सामाजिक संजालको प्रयोग गर्न पनि डरको माहोल बन्ने छ । अझै भनौं, डिजिटल प्लेटफर्ममा आफ्नो भविष्य बनाउँदै गरेको वा बनाउने सोचेको यो पुस्तालाई अंकुश लगाउने तयारीमा रहेको सरकारको कदमले 'जेन-जी'लाई तर्साउन थालेको छ ।

आफैंमा अन्योल रहेको यो विधेयकले सर्वसाधारणलाई झन् अन्योलमा पारेको छ । विधेयकले झूटो वा भ्रामक सूचना फैलाउनेलाई कारबाही गर्ने उल्लेख गरेको छ । तर, सत्य निर्धारण कसरी हुन्छ भन्ने स्पष्ट छैन ।

सामाजिक संजाललाई सूचनाको प्रमख स्रोत मान्दै आएको जेन-जीले कुनै पनि खबर सबैभन्दा पहिले फेसबुक वा इन्स्टाग्रामबाट थाहा पाउँछन् । तर, सामाजिक संजाल विधेयकले यसलाई पनि असर पर्ने नै भयो । यदि सूचना दिने सामाजिक संजाललाई नै खुम्च्याउने, प्रयोगकर्तालाई पनि प्रयोग गर्न रोक्ने भए अरू सबै समाचार माध्यम पनि बन्द गर्दा हुने देखिन्छ ।

यो पुस्ता परिवर्तन चाहन्छ । 'जेन-जी' आधुनिक प्रविधि बुझ्छन् । सामाजिक संजाललाई आफूलाई प्रस्तुत गर्ने, आफ्नो आवाज उठाउने माध्यमको रूपमा प्रयोग गर्दै आएका जेन-जीलाई यस्ता विधेयकले दोधारमा पार्ने छ । त्यसैले, नीति निर्माण गर्दा युवा पुस्ताको डिजिटल जीवनशैलीलाई मध्यनजर गर्न आवश्यक छ । तर, यसको मतलब 'जेन-जी' जे-जति गर्दै छन्, सामाजिक संजाललाई जसरी प्रयोग गर्दै छन्, त्यो सबै ठीक छ भन्न पनि मिल्दैन ।

कसैले सामाजिक संजालको दुरुपयोग गरी विभिन्न अपराध पनि गरिरहेका छन् । त्यस्ता कार्य रोक्न सरकारले चालेको कदमलाई गलत भन्न मिल्दैन ।

यो विधेयकमा राम्रा पक्षहरू पनि छन् । यो विधेयकले प्रयोगकर्ताहरूको व्यक्तिगत डाटा संरक्षण गर्ने उद्देश्य राख्छ । विधेयकले हानिकारक, मिथ्या र अश्लील सामग्रीहरू नियन्त्रण गर्ने प्रावधान गर्न सक्छ । यसले गलत सूचना फैलाउने र अभद्र व्यवहारलाई रोक्न मदत गर्छ ।

विधेयकले प्रयोगकर्ताहरूलाई आफ्नो डाटा र सामग्रीको नियन्त्रण दिने अधिकार दिन सक्छ, सामाजिक संजाल प्लेटफर्महरूले सरकारलाई आवश्यक जानकारी उपलब्ध गराउनुपर्ने र कानुनी प्रक्रियाहरूमा सहयोग गर्नुपर्ने नियमहरू लागू गर्न सक्छ । यो विधेयकले सामाजिक संजालको दुरुपयोग रोक्न र प्लेटफर्महरूलाई नियमन गर्न महत्त्वपूर्ण कदम चालेको छ ।

यदि सही तरिकाले कार्यान्वयन गरियो भने 'जेन-जी'का लागि सुरक्षित डिजिटल वातावरण सिर्जना गर्न मदत हुन सक्छ । विधेयकले साइबर अपराध र गलत सूचनाको समस्या समाधान गर्न सक्छ तर यदि नियमहरू अस्पष्ट र कठोर भए भने यसले 'जेन-जी'को अभिव्यक्ति स्वतन्त्रता, डिजिटल करियरमा नकारात्मक असर पार्न सक्छ । त्यसैले, नीति निर्माण गर्दा युवाहरूको विचारलाई समेत ध्यानमा राख्न आवश्यक छ । साथै, सामाजिक संजाल प्रयोग गर्ने 'जेन-जी'हरूले पनि मैले सामाजिक संजालमा के लेख्दै छु, कसको बारेमा लेख्दै छु, के पोस्ट गर्दै छु र यसले अरूलाई कस्तो असर गर्छ भन्नेबारे सोच्न आवश्यक छ ।

आफ्नो अधिकार र अवसरको उचित प्रयोग गर्न 'जेन-जी' आफैं पनि सजग हुनुपर्छ । अरूले दिएका सूचनालाई छानेर लिई कसले, कस्तो सूचना दिँदै छन्, मैले कुन लिने र अरूलाई कुन दिने भन्नेबारेमा पनि उत्तिकै सचेत रहनुपर्छ ।

आफ्ना सामाजिक प्लेटफर्ममा प्रकाशित सामग्रीका लागि आफैं जबाफदेही हुनुपर्छ । यसरी, 'जेन-जी'ले पनि सामाजिक संजालको प्रयोग र व्यवस्थापनमा ध्यान दिनुपर्छ ।


## सामाजिक सञ्जाल



हरि रोका

उदार र नवउदारवादी विश्व व्यवस्थाको भयानक पतन सुरु भएको छ । अतिदक्षिणपन्थी राष्ट्रवाद हावी भइहेछ । यस्तो समयमा लैलैमा लागेर सत्तारूढ कांग्रेस-एमालेले परराष्ट्र नीतिलाई थाँक्रोमा नचढाऊन् । महिना वा वर्ष होइन, केही दशक धेरै अप्ठ्यारो बन्दै छ विश्व राजनीति । असंलग्नता छोड्दा भारी मूल्य चुकाउनुपर्ने छ ।

आफ्नो पद र जिम्मेवारीअनुसार पुरानै संरचनामा बसेर कुलमान घिसिङले लोडसेडिङ अन्त्य गरे, मेयर बालेन शाहले काठमाडौं महानगरपालिकामा केही सुधार गर्दै छन् । यही कुरा सरकारलाई टाउको दुखाइ भएको छ । बाँकी सरकारी संस्थान, स्थानीय निकायहरूमा भएको लुट अनियमितताबाट सरकार प्रफुल्ल छ, वाह राजनीति !



विष्णु ढकाल



पार्वती घरेल

ट्रम्पले नेपाललाई पनि प्रधानमन्त्रीलाई बोलाएर हामीले गरेको ऋण सहयोग फिर्ता दे, नभए तिम्रो देशको यो/त्योले भन्ने दिन नआउला भन्न सकिन्नँ, विश्वको खराब कूटनीतिज्ञ भएको र घमन्ड, अहम् देखाउने ट्रम्प, कमजोरलाई हेप्ने प्रवृत्ति ट्रम्पले जेलेन्स्कीलाई जसरी पुटिनलाई त्यो व्यवहार देखाउला त ?

चोघ्यालले सिक्किम किन बचाएनन् ? कि बचाउन सकेनन् ? राजाले देश बचाउँछन् भनेको हैन र ? सत्ता बन्दुकको नालबाट निस्कन्छ । इन्दिरा गान्धीलाई आवश्यकता महसुस भो, बन्दुक थियो, सिक्किमको सत्ता हडपियो, राजा हुँदैमा सत्ता बचेन ।



गोविन्द बेलबासे

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# पकली मर्कजले इटहरीमा कन्या मदरसा चलाउने



**काठमाडौं / मस**–इटहरीको कान्छीचोकस्थित इदगाहमा पकली मर्कजको इलाका स्तरीय भेला सम्पन्न भएको छ। भेलाले इटहरीको पकलीस्थित करिब दुई सय वर्ष पुरानो इस्लामी धार्मिक धरोहरहरू मर्कजी मस्जिद, मर्कजी कब्रिस्तान र मर्कजी इदगाहको संरक्षण तथा सम्वर्द्धन गर्न नयाँ कार्ययोजना ल्याएको छ । भेलाले इदगाह परिसरमा इस्लामी सांस्कृतिक केन्द्र स्थापना गर्न सरकारसँग माग राख्ने निर्णय गरेको छ ।

ईलाकाका मुस्लिम समुदायको शैक्षिक अवस्थामा परिवर्तन ल्याउन सन् १९०३ देखि पकली, इस्लाह टोलमा सञ्चालनमा रहेको मद्रसा इस्लाहुल मुस्लिमीनलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने विषयमा समेत छलफल भएको छ । भेलाले उक्त मद्रसामा आधुनिक पाठ्यक्रम अनुसारको आवासीय सुविधा समेतको कन्या सेक्सन (बनात) सञ्चालन गर्ने अभियानलाई सफल पार्न सबैले सहयोग र समर्थन गर्ने र आ-आफ्ना घरका विद्यार्थी भर्ना गराउने, यस वर्षको जकात, फित्रा, सदका तथा अन्य सहयोग मर्कजी मद्रसा इस्लाहुल मुस्लिमीनलाई प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

भेलाले ईलाकाका सबै एमामहरूबीच नियमित समन्वय कायम गरी इस्लामी शिक्षा र सामाजिक सद्भावलाई प्रवर्द्धन गर्ने गतिविधि गर्ने तय गरेको छ। त्यस्तै भेलाले मजरा सोहनपुरमा नयाँ मस्जिद निर्माणका लागि आवश्यक जग्गा खरिद गर्न ईलाकाका समुदायबाट भरपूर आर्थिक सहयोग हुने कुरामा प्रतिबद्धता जनाएको छ । भेलाले पूर्व मन्त्री मोहम्मद जाकिर हुसैन, वडाध्यक्ष प्रभातकुमार आचार्य, डा.खालिद हुसेन, जफीर अहमद, मोहम्मद जिया हुसैन, अब्बास मन्सुरीलगायतलाई सल्लाहकारमा मनोनयन गरेको छ ।

# स्याउ गोदामबाट ३२ क्विन्टल गाँजा बरामद



**मनु यादव निरज / मध्यान्ह**
सप्तरी, १९ फागुन

राजविराज नगरपालिकास्थित मलेठको एक घरबाट प्रहरीले लागुऔषध गाजासहित करोडौंको तस्करीका सामान बरामद गरेको छ ।

प्रमुख जिल्ला अधिकारी भोला दाहालको नेतृत्वमा नेपाल प्रहरी तथा सशस्त्र प्रहरीको टोलीले राजविराज- ९ मलेठस्थित बाबा भूतनाथ मन्दिर छिर्ने गेट नजिकैको घरमा छापामारी उक्त सामान बरामद गरिएको हो । उक्त स्थानबाट स्याउ, चिनी, सुर्ती समेत बरामद गरिएको छ । तस्कर र उक्त सामानको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


## UAE मा रोजगार — Sevenhorses Technical Services L.L.C

पूर्व स्वीकृती मिति: २०८१/११/१५ चलानी नं. : ६०२३३६०९ LT No.: 319431

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Building Worker/Labour | 45 | 0 | साधारण | 1200 | ८५,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | रु.१०,०००।- |

अन्तरवार्ता २०८१ फागनु २७ गते (11 March, 2025) यस प्रा. लि. को कार्यालय मिनभवन, काठमाडौमा हुनेछ ।

**GULF EMPIRE COMPANY PVT. LTD.**
Lic. No.: 1599/079/80
KMC-31, Minbhawan, Baneshwor, Kathmandu, Tel.: 01-4115960/61
Mobile: 9813287287, 9709094648, 9823257271
Email: gulfempirenepal@gmail.com, URL: gulf-empire.com

## युएईमा रोजगार — कम्पनी: AL ASIF COMPUTER EMB WORKS LLC

शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/११/१९ चलानी नं.: ६०२३३८९१ L.T. No.: 319679

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dressmaker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,६३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Embroiderer | 3 | 0 | | 1200 | ४५,६३६ | | | | | | | |
| 3. | Embroidering Machine Operator | 2 | 0 | | 1500 | ५७,०४५ | | | | | | | |
| 4. | Sewing Machine Operator. | 3 | 0 | | 1500 | ५७,०४५ | | | | | | | |
| 5. | Tailor | 3 | 0 | | 1200 | ४५,६३६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २७ गते (11 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**Confident International Manpower Pvt. Ltd.** Govt. Lic. No. 1423/074/075
Sinamangal- 09, Kathmandu | Tel: 01- 5918957,5918958, E-mail: doc.confident@gmail.com, Web.: confidentmanpower.com

## UAE मा रोजगार — EUREKA RESTAURANT AND CAFE

पूर्व स्वीकृती मिति: २०८१/११/१९ चलानी नं. : ६०२३३८९५ LT No.: 319682

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Helper | 0 | 10 | काममा दक्ष | 800 | ३०,२००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Kitchen Helper | 4 | 2 | | 800 | ३०,२००।- | | | | | | | |
| ३. | Restaurant Worker | 10 | 0 | | 800 | ३०,२००।- | | | | | | | |
| ४. | Waiters | 2 | 1 | | 1200 | ४५,४००।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८१ फागुन २७ गते (11 March, 2025) यस प्रा. लि. को कार्यालय ताल्चिखेल, ललितपुरमा हुनेछ ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.**
श्रम इजाजत नं.: ५५२/०६२/०६३
पो.ब.नं. २४७८०, ताल्चिखेल –१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE


## Government of Sudurpaschim Province
## Ministry of Social Development
## Health Directorate
# District Hospital, Darchula

## Invitation for Electronic Sealed Quotation

**Second Date of publication: 2081/11/20 (2025 March, 04)**

1. **District Hospital, Darchula** invites electronic sealed quotation through **eGP-System** from Nepalese eligible bidders for the following works under **Sealed Quotation procedures.**

| Bid Invitation No. | Contract No. | Works Description | Last date & time of Submission | Opening Date & Time | Document Fee | Bid Validity | Bid Security and Validity | Estimated Amount (Excluding VAT& Contingencies) |
|---|---|---|---|---|---|---|---|---|
| DHD/SQ/ GOODS/2081/82-04 | DHD/SQ/ GOODS/2081/82-04 | The procurement of Supply and Delivery of Free Essential Medicine in Darchula Hospital | 2081 Chaitra 06, 12:00 Hr 2025 March, 19 | 2081 Chaitra 06, 13:00 Hr 2025 March, 19 | NRs.1000 | 45 days | NRs .75,000 and 75 days | NRs. 29,09,999 |

2. Bank Details for Bid Document fee: - Bank: Rastriya Banijya Bank Ltd., Khalanga, Darchula Branch, Office: District Hospital, Darchula, Office Code no.: 3500273027, Account no.: 1000100200010000, Rajaswa (revenue) Shirshak no.: 14229 and For Bid Security: - Account Name: Province Treasury Comptroller Unit, Darchula Dharauti Account No: 4090100202030000
3. Eligible Bidders bids through www.bolpatra.gov.np/egp system and for more details, please visit PPMO website www.bolpatra.gov.np/egp or the office of District Hospital ,Darchula, Email: darchulahospital@gmail.com. Phone no.: 9858753876, 9848771588

**Medical Superintendent**

## वर्गिकृत डिस्प्ले

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/११/२०**

**हेलो ग्लोबल स्किल डेभलपमेन्ट सेन्टर** को मिति २०८१/११/१० गते सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ग्लोबल स्किल (प्रा.लि. नं.: ३६०९३४)** कायम गर्ने गरी मिति २०८१/११/१३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०१/२२ मा दर्ता भएको **प्रा.लि. नं. २१४४३० को ओ.एम.जी. एक्सपिडिसन प्रा.लि.** को मिति २०८१/११/१९ गतेमा सम्पन्न एकल शेयरधनी विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०५/१७ मा दर्ता भएको **प्रा.लि.नं. २७०३३२** को **आर.डि. फेशन वेयर एण्ड आर्ट प्रा.लि.**को मिति २०८१/११/१९ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इ.प. नं. ४०४**
**त्रिपुरेश्वर, काठमाडौं, मो.: ९८५१२१७००४**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०८/३० मा दर्ता भएको **प्रा.लि. नं. २४९९१३** को **एसियन जियो टेक प्रा.लि.** को मिति २०८१/१०/२२ गतेमा सम्पन्न एकल शेयरधनी विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**


## आगमन ह्युमन रिसोर्सेस प्रा.लि.को
# अत्यन्त जरुरी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त **श्री आगमन ह्युमन रिसोर्सेस प्रा.लि. (इ.प.नं. १७४३/०८१/८२)** को नाम जोडेर विभिन्न सामाजिक संजालमा शाखा कार्यालय बिर्तामोड, झापाको ठेगाना राखी माल्दिभ्समा रोजगारीको अवसर भनि विज्ञापन गरी सर्वसाधारण व्यक्तिहरूबाट आर्थिक कारोवार गरी ठगी गर्ने काम गरेको हल्ला सुन्नमा आएकाले हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

यस प्रा.लि.को हालसम्म मुख्य कार्यालय काठमाडौंमा बाहेक नेपाल अधिराज्यको कुनै पनि ठाउँमा आफ्नो शाखा कार्यालय र एजेन्ट नियुक्त नगरेको/नरहेको यसै सूचनाबाट जानकारी गराइन्छ । आर्थिक कारोवार गर्दा यस प्रा.लि.को लेखा शाखाबाट मात्र गर्नुहुन अनुरोध गरिन्छ । अनधिकृत व्यक्तिसँग आर्थिक कारोवार नगर्न/नगराउन र गरे/गराएमा यस प्रा.लि. जवाफदेही नहुने व्यहोरा समेत अवगत गराउँदै त्यस्ता काम गर्ने/गराउने गरेको पाइएमा कानुनबमोजिम कारबाही हुने जानकारी गराउँदछौं ।

**आगमन ह्युमन रिसोर्सेस प्रा. लि.**
टोखा-७, बसुन्धारा, काठमाडौं, फोन : ०१-४९७१७२०
Gov. Lic. No: 1743/081/082

## साउदीमा रोजगार

कम्पनी: **FAISAL MUSLEH SALEH AL-SAWAT FOUNDATION FOR MAINTENANCE AND CLEANING** शहर: JEDDAH
पूर्व स्वीकृत मिति: २०८१/११/१५ चलानी नं.: ६०२३३८५४ L.T. No.: 319586

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Loading And Unloading Worker | 3 | 0 | | 1000 | ३७,२५० | | | | | | | |

कम्पनी: **CAR WASHES FOR CAR SERVICES** शहर: JEDDAH
पूर्व स्वीकृत मिति: २०८१/११/१५ चलानी नं.: ६०२३३८५५ L.T. No.: 319587

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Cleaning Labor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३७,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: **HOUR AND MORE ESTABLISHMENT TO SERVE DRINKS** शहर: QURAYYAT
पूर्व स्वीकृत मिति: २०८१/११/१५ चलानी नं.: ६०२३३८५८ L.T. No.: 319525

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४४,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: **MARAM JABER ALI AL-QARNI TRADING ESTABLISHMENT** शहर: JEDDAH
पूर्व स्वीकृत मिति: २०८१/११/१५ चलानी नं.: ६०२३३८५७ L.T. No.: 319524

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४४,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: **MAREEHA FARES BIN MANSOUR AL HAZOBER GENERAL CONTRACTING EST.** शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/११/१३ चलानी नं.: ६०२३३८६० L.T. No.: 319382

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver. | 3 | 0 | स. काममा दक्ष | 2500 | ९३,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: **MOHAMMED TALAL AWAD AL-ANZI ESTABLISHMENT FOR OPERATION AND MAINTENANCE** शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/११/१८ चलानी नं.: ६०२३३८५३ L.T. No.: 319610

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 3 | 0 | स. काममा दक्ष | 1800 | ६७,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: **RAYA AL TAHADI INVESTMENT COMPANY** शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/११/१३ चलानी नं.: ६०२३३८५९ L.T. No.: 319381

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 1 | 0 | स. काममा दक्ष | 1000 | ३७,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: **SULTANA AL KHAIR RESTAURANT FOR SERVING MEALS** शहर: JEDDAH
पूर्व स्वीकृत मिति: २०८१/११/१५ चलानी नं.: ६०२३३८५६ L.T. No.: 319523

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Kitchen Worker | 1 | 0 | | 1000 | ३७,२५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ फागुन २७ गते (11 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Al Taaz International Pvt. Ltd.**
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np


## Invitation for Bids
## Sisne Rural Municipality
## Office of the Rural Municipal Executive
Rukumkot, Rukum (East)
Lumbini Province, Nepal

### Invitation for Sealed Quotation for the Procurement and Supply of Medicine

**First Date of Publication: 2081/11/20 B.S.**

1. Sisne Rural Municipality (SRM) invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under Sealed Quotation procedures.
2. A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Sealed bids must be submitted though electronically to the office Sisne Rural Municipality Rukumkot, Rukum (East) on or before 12:00 Noon on 2081/12/06 B.S. (2025/03/19 A.D). Bids received after this deadline will be rejected automatically.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 on 2081/12/06 B.S. (2025/03/19 A.D.) at the office of Sisne Rural Municipality Rukumkot, Rukum (East). Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of the below mentioned amount which shall be valid for 30 days beyond the validity period of the bid.
5. All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act, 2063 and Regulations, 2064 including all amendments.
6. Sisne Rural Municipality Office Rukumkot, Rukum (East) reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
   Name of the Bank: Nepal Bank Ltd., Rukumkot Branch
   Name of Office: Sisne Rural Municipality, Rukumkot, Rukum (East)

| | For Bid Document | For Bid Security |
|---|---|---|
| A/c Name | GA 1.1 SISNE GA. PA. AANTARIK RAJASWA KHATA (Revenue Code:14229) | Sisne Ga.pa. Dharauti Khata |
| A/c No. | 18903000001001000001 | 18903000003000000001 |

7. The Name and identification no. of the contracts are as follows.

| S. N. | Description of Works | Contract ID | Estimated Amount (with VAT in NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Procurement and Supply of Medicine | EGP/SQ/SRM/G/ Medicine-01/081/82 | 24,73,593.00/- | 1,000.00/- | 70,000.00/- |

**Chief Administrative Officer**

## काठमाडौं महानगरपालिका
## ३२ नं. वडा कार्यालय कोटेश्वर, काठमाडौं

**ठेगाना थाहा नभएको सुशिल न्यौपाने (सम्पर्क नं. ९८५१०७४७२२) को नाममा फ्ल्याट/सटर खाली गर्ने सम्बन्धमा जारी भएको १५ (पन्ध्र) दिने सूचना ।**

**प्रकाशित मितिः २०८१/११/२०**

यस वडाको कोटेश्वर सहयोगिनगर श्रृङ्खला गली स्थित सिर्जना राईको नाममा रहेको घरमा तपाईले भाँडामा लिई प्रयोग गर्नुभएको पहिलो तल्लाको एक फ्ल्याट र सटर तीन वर्ष देखि भाडा समेत नदिई दुई वर्ष अघिदेखि सबै फ्ल्याट/सटर बन्द गरी हालसम्म पनि सम्पर्कमा नआनुभएकोले उक्त फ्ल्याट/सटर खाली गराई पाउँ भनी निवेदन दिनुभएको हुँदा यस कार्यालयबाट तपाई बहालमा बसेको घर दैलोमा मिति २०८१/११/०६ मा ३ दिने र मिति २०८१/११/०३ मा ७ (सात) दिने सूचना टाँस गर्दा समेत उपस्थित नहुनुभएकोले तपाईले भाडामा लिनुभएको उक्त सटरहरु खाली गर्नुनपर्ने कुनै कारण भए सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र लिखित जवाफ सहित उपस्थित हुन आउनुहोला। अन्यथा काठमाण्डौं महानगरपालिका घरबहाल निर्देशिका २०७९ को २७ (६) बमोजिम यस कार्यालयबाट खाली गरिने व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## भारताल साझेदारी वन उपभोक्ता समूह धनगढी १४, स्याउले, कैलालीको काठ/दाउरा संकलन सम्बन्धी सूचना

**मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०८१/११/२०**

डिभिजन वन कार्यालय कैलाली, धनगढी, सव डिभिजन वन कार्यालय फूलवारीको कार्यक्षेत्रमा पर्ने भारताल साझेदारी वन उपभोक्ता समुहको साझेदारी वन क्षेत्रभित्रका ढलापडा तथा सुखडखडा रुखहरु संकलन (कटान मुछान ढूवानी) तथा घाटगद्दी समेत गराउनका लागि स्वीकृत जिल्ला दर रेट (कैलाली) अनूसारको काठ/दाउरा संकलन तथा घाटगद्दी कार्यको लागत ईस्टिमेट वमोजिम गोलिया काठ संकलन प्रति क्यू.फि. रु. १५२।३८ दाउरा संकलन प्रति चट्टा रु. १६८२७ मा घटाघट प्रकृयावाट ठेक्का वन्दोवस्त गर्नूपर्ने भएकोले आन्तरिक राजश्व कार्यालयमा दर्ता भई स्थायी लेखा नं. (PAN) वा मू.अ.कर दर्ता नंवर, आ.व. २०८०।०८१ को कर चूक्ता प्रमाणपत्र भएका काठ सम्बन्धी व्यवसाय गर्न ईजाजत प्राप्त फर्म, कम्पनि वा व्यक्तिले प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० (तीसौं) दिन कार्यालय समयभित्र डिभिजन वन कार्यालय कैलाली र यस समितिको कार्यालय वाट बोलपत्र खरिद गरि सिलवन्दी बोलपत्र ३१ (एकतीसौं) दिन दिनको १:०० बजेभित्र यस समितिको कार्यालयमा दाखिला गर्न हून सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा संकलन तथा घाटगद्दी सम्बन्धी विस्तृत सूचना यस व्यवस्थापन समितिको कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत टाँस गरिने व्यहोरा जानकारी गरिन्छ ।

# २ लाख बढीको अवैध सामान बरामद



शहबाज खान/मध्यान्ह
कपिलवस्तु, १९ फागुन

सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित गुल्म कृष्णनगरको टोलीले २ ला ३२ हजार ७ सय ११ रुपैयाँ बराबरको अवैध सामान बरामद गरेको छ ।

कृष्णनगर नगरपालिका-२ स्थित चेकपोस्टमा बसको सिटमुनी फल्स बक्स बनाइ भन्सार छली गरेर ल्याएको लत्ताकपडा र किराना सामग्री बरामद गरेको हो ।

यसैगरी, महाराजगंज नगरपालिका-७ सतभरामा भारतबाट अवैध रूपमा नेपाल ल्याउँदै गरेको गुट्का, सुपारी, बदाम तथा अन्य किराना सामान बरामद गरिएको छ ।

यस्तै बिजयनगर गाउँपालिका-२ लोहरौलामा १५० किलो ब्रोइलर कुखुरा अवैध रूपमा ल्याउँदै गर्दा नियन्त्रणमा लिइएको थियो । उक्त कुखुरा स्थानीय जनप्रतिनिधि तथा पशु क्वारेन्टाइनको रोहवरमा नष्ट गरिएको छ भने ढुवानीमा प्रयोग भएको मोटरसाइकल भन्सार कार्यालयमा बुझाइएको छ ।

सशस्त्र प्रहरीले सीमा क्षेत्रमा अवैध तस्करी नियन्त्रणका लागि कडा गस्ती जारी राखेको सशस्त्र प्रहरी नायब उपरीक्षक अरुन सिंहले बताए ।

---

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
## डडेल्धुरा अस्पताल
**डडेल्धुरा**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति : २०८१/११/२० गते)**

यस कार्यालयको मिति २०८१/१०/११ गतेमा प्रकाशन गरिएको सूचना वमोजिम Supply and Delivery of Furniture & Accessories कार्यका लागि पेश भएका बोलपत्रहरुमध्येबाट तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृतिको लागि छनौट गरिएको हुँदा, सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल :**

| ठेक्का नं. | विवरण | फर्मको नाम र ठेगाना | कवोल अंक (भ्याट वाहेक) |
|---|---|---|---|
| MoHP/DH/GOODS /NCB/09/2081-82 | Supply and Delivery of Furniture & Accessories. | Durga Steel Furniture Udhyog Dhangadhi, Kailali. | रु.२६,६९,०००। |

**मेडिकल सुपरिन्टेन्डेन्ट**

---

**"समृद्ध खाँदबारी नगर"**
## खाँदवारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**खाँदवारी, सङ्खुवासभा**
**कोशी प्रदेश, नेपाल**

### प्राविधिक प्रस्ताव स्वीकृति सम्बन्धी आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/११/२०**

